# मध्यमकालीन खर्च संरचना

## (आर्थिक वर्ष २०७७/७८-२०७९/८०)

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली
२०७७

# भूमिका

सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्नु आवश्यक रहेको छ । आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गरी समष्टिगत र विषय क्षेत्रगत लक्ष्य एवं उद्देश्यहरू हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रूपमा रहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त व्यवस्थाको कार्यान्वयन गर्ने प्रयास स्वरुप यस प्रदेशमा गत आर्थिक वर्ष देखि मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्न थालिएको थियो ।

यस खर्च संरचनामा आगामी पहिलो आर्थिक वर्षको बजेट अनुमान तथा त्यसपछिका दुई आर्थिक वर्षको प्रक्षेपण गरी तीन वर्षको चक्रीय बजेट प्रस्तुत गरिएको छ। यसले विषय क्षेत्रगत मन्त्रालय/निकायहरूलाई आवश्यक स्रोत सहित सार्वजनिक वित्तको पूर्वानुमान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। खर्च संरचना खाकामा नतिजा सूचक व्यवस्थापन एउटा महत्वपूर्ण क्षेत्र रहेको छ । कार्य सम्पादन तथा उत्तरदायित्व विष्लेषण गर्न नतिजा सूचकले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

**समृद्ध नेपाल, सुखी नेपाली** को राष्ट्रिय सोच एवम् सन् २०३० भित्रै दिगो विकास लक्ष्य हासिल गर्ने लक्ष्यलाई टेवा पुग्ने गरी प्रादेशिक समृद्धि र विकास हासिल गर्न यो खर्च संरचना सहयोगी हुने अपेक्षा गरिएको छ। वित्त अनुशासन कायम गरी प्राथमिकता प्राप्त क्षेत्रमा पर्याप्त बजेट विनियोजन मार्फत सार्वजनिक खर्चको कुशल र प्रभावकारी व्यवस्थापन गरी अपेक्षित नतिजा हासिल गर्न यसले सघाउ पुग्ने विश्वास लिइएको छ।

मध्यमकालीन खर्च संरचनामा विषय क्षेत्रगत नतिजा सूचकको उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण गर्न सकिने खालका संक्षिप्त तालिका विकास गरिएको छ। नतिजा सूचक तयार गर्दा पन्ध्रौं योजना, प्रादेशिक आवधिक योजनाको प्रारम्भिक अवधारणा पत्र, दिगो विकास लक्ष्यका साथै प्रादेशिक वस्तुस्थिति एवं आवश्यकता तथा सामर्थ्यलाई समेत आधार लिइएको छ। आगामी वर्षहरुमा यस प्रयासलाई थप सुदृढ र प्रभावकारी बनाउदै लैजान पनि यो दस्तावेज महत्वपुर्ण हुनेछ।

अन्तमा, यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा संलग्न हुने आर्थिक मामिला तथा योजना मन्त्रालयका कर्मचारीहरु तथा विषयगत मन्त्रालयलाई यस मन्त्रालय धन्यवाद ज्ञापन गर्दछ।

२०७७ असार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# विषय सूची


**परिच्छेद १ परिचय** **१-४**

१.१ पृष्ठभूमि १

१.२ अवधारणा तथा उद्देश्य १

१.३ मध्यमकालीन खर्च संरचनाको अभ्यास २

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ३

**परिच्छेद २ मध्यमकालीन खर्च संरचना** **५-१५**

२.१ पृष्ठभूमि ५

२.२ चुनौती तथा अवसर ५

२.३ सोच, उद्देश्य तथा रणनीति ६

२.४ प्रमुख नतिजा सूचक र लक्ष्य ७

२.५ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन तथा प्रक्षेपण १३

**परिच्छेद ३: आर्थिक क्षेत्र** **१६-२३**

३.१ आर्थिक मामिला तथा योजना १६

३.२ उद्योग, पर्यटन, वन तथा वातावरण १९

३.२.१ वन तथा वातावरण १९

३.२.२ उद्योग, वाणिज्य तथा पर्यटन २१

**परिच्छेद ४: कृषि, सहकारी तथा भूमी व्यवस्था** **२४-२७**

**परिच्छेद ५: सामाजिक बिकास क्षेत्र** **२८-३५**

**परिच्छेद ६: पूर्वाधार क्षेत्र** **३६-३९**

**परिच्छेद ७: शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र** **४०-४५**

**कार्यक्रम आयोजनाहरुको संक्षिप्त विवरण** **४६-७३**

**विषय क्षेत्रगत नतिजा सूचक** **७४-९३**

**अनुसूचीहरू** **९४-९६**

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संघ, प्रदेश र स्थानीय तहका सरकारहरूले अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा आयोजना/ कार्यक्रमको उद्देश्य तथा खर्चको पुष्ट्याईं समेटिनु पर्ने, आयोजना/ कार्यक्रम कार्यान्वयन हुने आगामी तीन आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि समेत राख्नुपर्ने व्यवस्था छ। यसका साथै, आयोजना/ कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने खर्चको विवरण र सो खर्च व्यहोर्ने स्रोतको अनुमान तथा प्रक्षेपण गर्नुपर्ने प्रावधान छ।

**"समृद्ध नेपाल, सुखी नेपाली"** अभियानको राष्ट्रिय सोच सहितको उद्देश्य प्राप्त गर्न र सन् २०३० भित्रै दिगो विकास लक्ष्यहरू हासिल गर्न विनियोजन कुशलता मार्फत सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन गर्नु अपरिहार्य आवश्यकता रहेको छ। सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन गर्ने एक महत्त्वपूर्ण औजारको रूपमा रहेको मध्यमकालीन खर्च संरचनाले उपर्युक्त लक्ष्यहरू पूरा गर्न सहयोग पुर्‍याउँदछ।

आर्थिक, सामाजिक र मानवीय विकासको क्षेत्रमा तुलनात्मक रूपमा पछाडि परेको यस सुदुरपश्चिम प्रदेशलाई प्रदेश सरकारले उपरोक्त राष्ट्रिय सोच, लक्ष्य तथा उद्देश्यसँग सामञ्जस्य हुने गरी आफ्नो नीति तथा कार्यक्रम र आवधिक योजनाको अवधारणा पत्र लगायतका दस्तावेजहरूमा प्रस्तुत गरेका उद्देश्य तथा रणनीतिहरूलाई सहयोग पुग्ने गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ नै यस वाहेक कोभिड १।

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा आयोजना/ कार्यक्रमको प्राथमिकीकरण गर्ने आधारहरू परिमार्जन गरी वस्तुगत रूपमा संघीय सरकारको पन्ध्रौं योजनाको आधार-पत्र, प्रथम प्रादेशिक आवधिक योजनाको प्रारम्भिक अवधारणा-पत्र तथा दिगो विकास लक्ष्यहरू हासिल गर्नेतर्फ आयोजना/ कार्यक्रम उन्मुख छ, छैन भन्ने सन्दर्भमा मुख्य आधारका रूपमा विश्लेषण गरी प्राथमिकीकरणको निश्चित मापदण्ड बनाइएको छ। समग्र विकासका विषय क्षेत्रहरूलाई ५ क्षेत्रमा विभाजन गरी मापदण्डहरूमा सबै क्षेत्रको ६ वटा सामान्य आधारहरू र विषयक्षेत्र अनुसारको दुई वटा क्षेत्रगत आधार तय गरिएका छन्। साथै, यस खर्च संरचनामा पहिलो वर्ष वा आर्थिक वर्ष २०७७/७८ को हकमा विनियोजित बजेट अनुरूप र त्यसपछिका दुई आर्थिक वर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध स्रोत साधन र खर्च गर्ने क्षमतालाई आधार मानी रकम अनुमान गरिएको छ। यसैगरी विभिन्न क्षेत्रमा आगामी तीन वर्षभित्र गरिएको लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सूचकहरू प्रस्तुत गरिएको छ।

## १.२ अवधारणा तथा उद्देश्य

सार्वजनिक वित्त व्यवस्थापनको महत्त्वपूर्ण औजारका रूपमा यस खर्च संरचनामा आवधिक योजनाको मध्यमकालीन/ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग वार्षिक बजेट तथा कार्यक्रमको सामञ्जस्यता गर्नुपर्ने हुन्छ। साथै, सरकारसँग उपलब्ध सीमित स्रोत साधनको आँकलन गरी प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्नुपर्ने हुन्छ। यस अन्तर्गत संघीय सरकारबाट प्राप्त हुने वित्तीय स्रोत, राजश्व परिचालन, आन्तरिक ऋण, वैदेशिक अनुदान तथा अन्य वित्तीय स्रोतको आँकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गर्नुपर्ने हुन्छ। यसैको आधारमा विषयक्षेत्रगत प्राथमिकता अनुरूप विषयगत मन्त्रालय र सरकारका अन्य निकायहरूको नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक मध्यम अवधिको बजेट विनियोजन र संघीय संरचनामा संघीय सरकारले प्रदेश सरकारलाई र प्रदेशले स्थानीय तहलाई उपलब्ध गराउनु पर्ने अनुदान र राजस्व बाँडफाँट

सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गर्नुपर्ने हुन्छ। यसरी निर्धारण भएको स्रोतभित्र रहेर मन्त्रालय एवम् निकायहरूले नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गर्नुपर्ने हुन्छ।

यो खाका तयार गर्दा पहिलो आर्थिक वर्षको वास्तविक बजेट र सोका आधारमा आगामी दुई आर्थिक वर्षको बजेट प्रक्षेपण गरिन्छ। पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा पहिलो आर्थिक वर्षको प्रगति समीक्षा गरी विगतमा गरिएको प्रक्षेपण परिमार्जन तथा थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ। त्यसैले यसलाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन गरि राख्नुपर्ने हुन्छ। यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन र बजेटलाई उद्देश्य, उपलब्धि र नतिजासँग आवद्ध बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

१. सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र वाह्य श्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्ने।
२. सरकारको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्ने साधन श्रोतको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकताप्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्ने।
३. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने।
४. सम्बन्धित मन्त्रालयहरूको बजेट अनुमान वास्तविक बनाउने।

### १.३ मध्यमकालीन खर्च संरचनाको अभ्यास

आवधिक योजना र वार्षिक कार्यक्रम बीचमा तादात्म्यता नरहनु, बजेटको अभावमा विकास आयोजना/ कार्यक्रमहरू लामो समयसम्म सम्पन्न नहुनु, कुनै आयोजनामा विनियोजित बजेट खर्च हुन नसक्नु, दिगोपना नभएको आयोजनामा पनि निरन्तर रूपमा बजेट विनियोजन हुनु, अत्यावश्यक पूर्वाधारका कतिपय आयोजनाहरूमा बजेटको सुनिश्चितता नहुनु र कार्यान्वयन क्षमता भन्दा बढी आयोजनाहरू सञ्चालनमा रहनु जस्ता समस्याहरू नेपालको सार्वजनिक खर्च प्रणालीमा रही आएका थिए। सार्वजनिक खर्चमा देखिएका यी समस्याहरूलाई सम्बोधन गर्न सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०५७ ले मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयनको सिफारिश गरेको थियो। यसलाई ध्यानमा राखी दशौं योजना (आ.व. २०५९/६०-२०६४/६५) सँगसँगै आर्थिक वर्ष २०५९/६० देखि आवधिक योजनासँग तालमेल हुनेगरी मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयन गर्न शुरूआत गरिएको थियो। शुरूमा यसलाई शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ, विद्युत, सडक र जलस्रोत जस्ता मुख्य क्षेत्रमा लागु गरिएको थियो। यसले आवधिक योजना र वार्षिक बजेट बीच तादात्म्यता कायम गर्ने, विकास आयोजना/कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्ने, आवधिक योजनाले लिएका उद्देश्य र लक्ष्यहरू पूरा गर्नेगरी स्रोत साधनको सदुपयोग गर्ने तथा पहिलो प्राथमिकतामा परेका परियोजनाहरूमा स्रोतको सुनिश्चितता गर्ने उद्देश्य लिएको थियो र यसबाट वित्त अनुशासन र आर्थिक स्थायित्वको अपेक्षा गरिएको थियो।

कार्यक्रम तथा आयोजनाहरूलाई प्राथमिकीकरण गर्ने क्रममा निश्चित आधारहरू तोकी आयोजना/ कार्यक्रमहरूको साधारण तथा विषयक्षेत्रगत आधारहरूमा ०, १, २ र ३ अंक प्रदान गरी क्रमशः कमजोर, साधारण वा सन्तोषजनक, राम्रो र अति राम्रो मानी कुल भारित अंक गणना गरिन्थ्यो। सो भारका आधारमा पहिलो, दोश्रो र तेश्रो प्राथमिकता ($P_1$, $P_2$, $P_3$) मा वर्गीकरण गरी सोही प्राथमिकतालाई बजेट विनियोजनको आधार मानिएको थियो। पहिलो मध्यमकालीन खर्च संरचनामा मात्रै २०३ वटा कम प्रतिफल दिने आयोजनाहरू हटाउने वा गाभ्ने कार्य गरिएको थियो। यसले सरकारलाई खर्चको प्राथमिकीकरण गरी सीमित स्रोतको उचित बाडँफाटँबाट लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याएको थियो।

शुरूका वर्षहरूमा यस खर्च संरचना तर्जुमा कार्यलाई संस्थागत गर्न प्रयास गरिएको र त्यसको फलस्वरूप यसका उद्देश्यहरू खासगरी वित्त अनुशासन र खर्चको रणनीतिक रूपमा विनियोजन कार्यमा सहयोग पुर्‍याएको थियो। तर, यस खर्च

संरचना तर्जुमा गर्न कानुनी वाध्यता नरहेको आदि कारणले त्यस पछिका केही वर्षहरूमा यसको तर्जुमालाई निरन्तरता दिन सकिएन। हाल अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्रदेश सरकारले पनि वार्षिक आय व्ययको विवरण प्रदेश सभामा पेश गर्दा मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने कानूनी प्रावधान रहेकोले प्रदेशस्तरमा मध्यमकालीन खर्च संरचनालाई संस्थागत गर्न आवश्यक भएको छ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

### क. त्रि-वर्षीय खर्च प्रक्षेपणसहित कुल बजेटको आकार तयारी

गत आर्थिक वर्षको सार्वजनिक खर्चको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र मध्यमकालीन खर्च संरचनाको आधारमा यस मन्त्रालयबाट विषय क्षेत्रगत निकाय/ मन्त्रालयसँग नीतिगत छलफल गरी आगामी आर्थिक वर्षको आय व्ययको प्रारम्भिक प्रतिवेदन तयार गरिन्छ। विषय क्षेत्रगत निकाय/ मन्त्रालयहरूमा रहेका मध्यमकालीन खर्च संरचना कार्यदलको संलग्नतामा कार्यगत रूपमा यस मन्त्रालयबाट समग्रमा पुनरावलोकन गरी अवधारणापत्र तयार गरिन्छ। यसका साथै प्रदेशको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, चालु राष्ट्रिय/ प्रादेशिक आवधिक योजना, मध्यमकालीन खर्च संरचना, कुल गार्हस्थ्य उत्पादनको प्रक्षेपण, वित्तीय स्थिति, वित्त परिचालनको सम्भावना, राजश्व तथा करको लचकता तथा प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा बजेट तथा स्रोत समितिले आगामी आर्थिक वर्षको कुल बजेटको आकार र सीमा निर्धारण गर्दछ।

### ख. बजेट सीमा र मार्गदर्शन पठाउने

बजेट तथा स्रोत समितिले तयार गरेको बजेटको सीमाभित्र रही यस मन्त्रालयबाट मन्त्रालयगत र क्षेत्रगत रूपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शन तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गरी विषय क्षेत्रगत निकाय/ मन्त्रालयमा पठाइन्छ।

### ग. आयोजना बैंक र आयोजनाको छनौट तथा प्राथमिकीकरण

प्रदेशको आवश्यकता, समस्या र सम्भाव्यता, कार्यान्वयनयोग्यता र बढी प्रतिफलयुक्त विषयक्षेत्रगत आयोजनाको पहिचान, विश्लेषण तथा प्राथमिकीकरण र छनौट गरी प्राथमिकताक्रमका आधारमा आयोजना समावेश गरी आयोजना बैंक बनाउनुपर्दछ। आयोजना बैंकमा समावेश भएका आयोजनाको प्राथमिकताक्रमको आधारमा मध्यमकालीन खर्च संरचनामा आयोजना समावेश गरिन्छ। यसरी छनौट गरी समावेश गरिएको आयोजनामा आगामी आर्थिक वर्षको बजेट विनियोजन र थप २ आर्थिक वर्षको खर्च तथा स्रोतको प्रक्षेपण गरिन्छ।

### घ. मध्यमकालीन खर्च संरचना, कार्यक्रम तथा बजेट प्रस्ताव

बजेट तथा स्रोत समितिले तयार गरी पठाएको सीमा र मार्गदर्शनभित्र रही विषयक्षेत्रगत निकाय/ मन्त्रालयले आफ्ना आवश्यकता र प्राथमिकीकरणका आधारमा छनौट भएका आयोजना/कार्यक्रमको त्रिबर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउँनुपर्ने हुन्छ।

### ङ. विषयगत प्राविधिक समितिमा छलफल

विषयक्षेत्रगत निकाय/मन्त्रालयबाट प्रस्तावित आयोजना/कार्यक्रमको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र बजेट माथी सम्बन्धित विषयगत प्राविधिक समितिमा छलफल गर्नुपर्ने हुन्छ। यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान्तहरू र राज्यका नीति र अनुसूची ६, ७, ८ र ९ बमोजिमको कार्यक्षेत्र/क्षेत्राधिकार), राष्ट्रिय

दीर्घकालीन सोच, राष्ट्रिय आवधिक योजना, प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्य, सम्बन्धित प्रदेशको आवश्यकता, समस्या र सम्भावना र आयोजना बैंकबाट छनौट गरिएका आयोजनाको प्राथमिकीकरणलाई आधार बनाउनुपर्ने हुन्छ।

### ६. मस्यौदा तयारी गरी प्रदेश सभामा पेश गर्ने

विषयगत प्राविधिक समितिमा छलफल पश्चात प्रस्ताव गरिएका आयोजना/ कार्यक्रमको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक र अन्तिम मस्यौदा तयार गरी यस मन्त्रालयबाट स्वीकृत गरिन्छ। यसरी स्वीकृत भएको मध्यमकालीन खर्च संरचना वार्षिक आय व्ययको विवरण (बजेट) सँगै प्रदेश सभामा पेश गर्नुपर्ने हुन्छ।

# परिच्छेद २

# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र र प्रदेश निर्माण एवम् **"समृद्ध नेपाल, सुखी नेपाली"** को दीर्घकालीन राष्टिय सोच हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्षहरूमा प्रभावकारिता अभिवृद्धि गर्ने उपाय तथा औजारको रूपमा मध्यमकालीन खर्च संरचनालाई लिन सकिन्छ। संघीयताको कार्यान्वयनसँगै सार्वजनिक खर्च र स्रोत परिचालन गर्ने तहगत सरकारहरूले आ-आफ्नो क्षेत्रमा सार्वजनिक वित्त परिचालनमा प्रभावकारिता ल्याई मुलुकको सामाजिक आर्थिक लगायत समग्र विकास र समृद्धिमा योगदान गर्न आवश्यक भएकोले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ।

सुदूरपश्चिम प्रदेशको प्रथम मध्यमकालीन खर्च संरचना आर्थिक वर्ष २०७६/७७ मा तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको थियो । समृद्ध प्रदेश निर्माणका लागि तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन र वित्तीय संघीयताको कुशल व्यवस्थापन गर्दै प्रादेशिक तथा राष्ट्रिय लक्ष्य हासिल गर्न आगामी तीन वर्षको स्रोतको आँकलन तथा प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको थियो ।

विश्वका सबैमलुकुहरु एकै पटक कोभिड-१९ को माहामारीको चपेटामा परेका छन् ।कोभिड-१९ रोगको संक्रमण रोक्न उचित व्यवस्थापन गर्नुपर्ने र आर्थिक मन्दीको वर्तमान अवस्थावाट प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने कठीन तथा चूनौतिपूर्ण अवस्थामा आर्थिक वर्ष २०७७/७८ को वजेट तर्जुमा र मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने अवस्था आएको छ । तसर्थ कोभिड-१९ बाट सुदूरपश्चिम प्रदेशको अर्थतन्त्रमा परेको असर तथा प्रभावलाई न्यूनीकरण गर्दै राहत, रोजगारी तथा पुनरोत्थानमा जोड दिँदै उच्च आर्थिक वृद्धि हासिल हुनेगरी खर्च संरचना तयार गरिएको छ।

संविधानले परिकल्पना गरे बमोजिमको अर्थ व्यवस्था कायम गर्ने सोचलाई मनन् गर्दै प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेखित दीर्घकालीन लक्ष्य हासिल गर्न तथा नेपाल सरकारको सोच, लक्ष्य तथा प्राथमिकतासँग सामञ्जस्य हुने गरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०७७/७८-२०७९/८०) तर्जुमा गरिएको छ। यस दस्तावेज तयार गर्दा वर्तमान सरकारका घोषणा, प्राथमिकता एवम् नीति तथा कार्यक्रम, प्रदेशको पहिलो आवधिक योजनाको प्रारम्भिक अवधारणा पत्र र संघीय सरकारको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) मा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई मुख्य आधार लिइएको छ। यस दस्तावेजमा प्रदेशले तर्जुमा गरेका कार्यक्रमका साथै साविकमा संघबाट कार्यान्वयन भइरहेका तर प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका कार्यहरू भित्र रहेका सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू समेत समेटिएका छन्।

## २.२ चुनौती तथा अवसर

संघीय शासन प्रणालीको नवीन राजनीतिक तथा प्रशासनिक अभ्यास, तिव्र आर्थिक तथा सामाजिक विकास र रूपान्तरणको जन आकांक्षाको सम्बोधन, तुलनात्मक रूपमा आर्थिक सामाजिक रूपमा विद्यमान पिछडिएको अवस्थाको सम्बोधन, विकास निर्माण तथा सामाजिक क्षेत्रका लागि आवश्यक नीति एवम् कानुन तर्जुमा तथा कार्यान्वयन, क्रमागत भौतिक संरचनाको निर्माण तथा व्यवस्थापन, कृषिमा आधुनिकीकरण, औद्योगिकीकरण र व्यवसायीकरण, प्रदेशका सम्भाव्य स्रोतको पहिचान एवम् परिचालन र मानव संशाधन व्यवस्थापन जस्ता चुनौतीहरू यस प्रदेशमा रहेका छन्। स्वदेशी तथा वैदेशिक लगानी आकर्षण तथा प्रोत्साहन, उत्पादन

तथा उत्पादकत्व अभिवृद्धि, वित्तीय अनुशासन र जवाफदेहिता अभिवृद्धि, शासकीय क्षमता अभिवृद्धि तथा सुशासन प्रवर्द्धन समेत यस प्रदेशमा थप चुनौतीका रूपमा रहेका छन्। साथै, प्रकोपसम्बन्धी सम्भाव्य जोखिमहरूको न्यूनीकरण, आर्थिक-सामाजिक विकासका सबै प्रयासहरूलाई जलवायु परिवर्तन अनुकूल बनाउनु, हाल केन्द्रीय तहबाट सञ्चालन भैरहेका विकास कार्यक्रमलाई एकीकृत गर्नु र आवश्यक स्रोत साधन व्यवस्था गर्नु समेत चुनौतीका रूपमा रहेका छन्।

कोभिड-१९ ले श्रृजना गरेको परिस्थितिलाई सम्वोधन गरी आधारभूत स्वास्थ्य तथा अन्य सामाजिक सेवामा जनताको सहज पँहुच र सघन रोजगारी श्रृजना गर्नु अहिले विषेश चुनौतीको रूपमा देखिएका छन्।

मुलुकको राजनीतिक संरचनात्मक रूपान्तरणले ल्याएको विकासको विकेन्द्रीकरण, मुलुक आर्थिक तथा सामाजिक विकासको चरणमा प्रवेश गरेको अवस्था, उर्वर जमिन, जलस्रोत, वन, खानी, जैविक विविधता एवम् भौगोलिक सुन्दरताजस्ता प्राकृतिक स्रोतहरूको उपलब्धता, कृषि, सिंचाइ तथा जलविद्युतको प्रचुर सम्भाव्यता, सम्भाव्य स्रोत साधनको पहिचान, दायरा विस्तार तथा परिचालन जस्ता पक्ष यस प्रदेशका प्रमुख अवसरका रूपमा रहेका छन्। साथै राष्ट्रिय गौरवको रानीजमरा कुलरिया सिंचाइ आयोजना निर्माणको क्रममा रहेको, सेती लोकमार्ग, मध्य पहाडी लोकमार्ग, छेला औद्योगिक क्षेत्र, बुढीगंगा जलविद्युत आयोजना र सोबाट उपलब्ध हुने रोजगारीका अवसर, बजार विस्तार तथा अन्य प्रदेशसँगको आवद्धतालाई आर्थिक सामाजिक विकासमा उपयोग गर्ने अवसर पनि रहेको छ।

### २.३ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा यस प्रदेशको पहिलो आवधिक योजनाको प्रारम्भिक अवधारणापत्रको मस्यौदा तथा पन्ध्रौं योजनाको आधार पत्रलाई मुख्य आधारका रूपमा लिइएको छ। उक्त दस्तावेजहरूमा उल्लिखित विषय क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिलाई यस खर्च संरचनाको विषय क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिका रूपमा उल्लेख गरिएको छ। मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेका छन्।

#### २.३.१ दीर्घकालीन सोच

**"समृद्ध नेपाल, सुखी नेपाली"**

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक।

### २.३.२ उद्देश्य

१. राष्ट्रिय उद्देश्य अनुसार सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै प्रदेशको समृद्धिको आधार निर्माण गर्नु।

२. राष्ट्रिय उद्देश्य अनुसार गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै प्रदेशका नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु।

३. सामाजिक-आर्थिक रूपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु।

४. संविधान प्रदत्त मौलिक हक अधिकारको पूर्ण कार्यान्वयन गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्नु।

५. उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गर्दै दिगो आर्थिक विकास कायम गर्नु र प्रदेशका नागरिकमा सुशासनको अनुभुती गराउनु।

### २.३.३ प्रदेश रणनीति

१. तीव्र, दिगो र स्वरोजगारमूलक आर्थिक वृद्धि गर्ने,

२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने,

३. आन्तरिक, अन्तर प्रदेश तथा अन्तरदेशीय अन्तरआबद्धता अभिवृद्धि गर्ने,

४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,

५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने,

६. गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,

७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने र

८. सार्वजनिक सेवाको सुदृढीकरण, क्षेत्रगत सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने।

### २.४ प्रमुख नतिजा सूचक तथा लक्ष्य

नेपाल सरकारले लिएको "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय सोच तथा प्रदेश सरकारले लिएको आर्थिक सामाजिक रूपान्तरणको उद्देश्य हासिल गर्नमा केन्द्रित रहँदै यस प्रदेशको आगामी तीन वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार समष्टिगत लक्ष्यहरूको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.१ मा प्रस्तुत गरिएको छ।

**तालिका २.१: सुदूरपश्चिम प्रदेशको प्रमुख समष्टिगत सूचक तथा लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७५/७६ को उपलब्धि* | २०७६/७७ को उपलब्धि अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| १. | अर्थतन्त्रको आकार कुल गार्हस्थ्य उत्पादनमा | रू लाखमा | २४२९४ | २७१७५ | ३१३६६ | ३३४०४ | ३५४८० |
| २. | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ६.९० | ४.०८ | ७.७८ | ८.५१ | ८.९४ |
| | कृषि | प्रतिशत | - | २.७० | ५.० | ५.५ | ५.८ |
| | गैरकृषि | प्रतिशत | | | | | |
| | उद्योग | प्रतिशत | - | ९.२१ | ९.२ | ९.८ | १०.० |
| | सेवा | प्रतिशत | - | ३.६० | ९.६ | १०.५ | ११.० |
| ३. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | ७४६ | ७९९ | ८७९ | ९२२ | ९६५ |
| ४. | आर्थिक जोखिम सूचकांक (EVI) | सूचकांक | – | – | – | – | – |
| ५.<br>६. | मानव सम्पत्ति सूचकांक (HAI)<br>जनसख्या | सूचकांक | | | | | |

आर्थिक वृद्धिदर आँकलन गर्दा स्थिर सरकार, संघीय संरचना अनुसार यस प्रदेश र यस प्रदेशका स्थानीय सरकारबाट प्रभावकारी रूपमा हुने कार्यक्रम तथा बजेटको कार्यान्वयन, उर्जा उपलब्धतामा हुने उल्लेख्य वृद्धि, केही बृहत आयोजना सम्पन्न हुने अवस्था, निर्माण क्षेत्रको तिब्र वृद्धि हुने मान्यताहरू राखिएको छ। कोभिड १९ले पर्यटन र अन्य सामाजिक तथा सेवा क्षेत्रमा पारेको असर प्रभाववाट उन्मूक्ति हुन केही समय लाग्ने देखिएको छ ।यी मान्यताका आधारमा आर्थिक वर्ष २०७९/८० सम्ममा यस प्रदेशको प्रति व्यक्ति कुल राष्ट्रिय आय हालको ७९९ अमेरिकी डलरबाट ९६५ अमेरिकी डलर पुग्ने लक्ष्य लिईएको छ ।

## तालिका २.२: समृद्धिका सुदूरपश्चिम प्रदेशको लक्ष्य, गन्तव्य र सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ को उपलब्धि* | २०७६/७७ को उपलब्धि अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| १ | **उच्च र समतामूलक आय** | | | | | | |
| १.१ | **औद्योगिक राष्ट्रको स्तरको उच्च आय** | | | | | | |
| १.१.१ | आर्थिक वृद्धिदर | प्रतिशत | ६.९० | ४.०८ | ७.७८ | ८.५१ | ८.९४ |
| १.१.२ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | ७४६ | ७९९ | ८७९ | ९२२ | ९६५ |
| १.२ | **गरिबीको अन्त्य** | | | | | | |
| १.२.१ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | ३३.९ | - | २४.३ | २१.० | १८.० |
| १.३ | **प्रादेशिक आम्दानीमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा** | | | | | | |
| १.३.१ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma Ratio) | अनुपात | १.१३ | - | १.१० | १.१० | १.१० |
| १.३.२ | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३३ | - | ०.३२ | ०.३२ | ०.३१ |
| २ | **मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग** | | | | | | |
| २.१ | **स्वस्थ र लामो आयु भएका नेपाली** | | | | | | |
| २.१.१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६८.६ | – | ६९.८ | ७०.२ | ७०.३ |
| २.१.२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | संख्या | – | – | – | – | |
| २.१.३ | ५ वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | ६९ | – | ५४.६ | ४९.८ | ४०.० |
| २.२ | **गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिक** | | | | | | |
| २.२.१ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५४ | – | ६७.५ | ७२ | ८५ |
| २.२.२ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ८५ | – | ९२.० | ९४.४ | ९७ |
| २.२.३ | आधारभूत तह (१-८) मा | प्रतिशत | ९४.८ | – | ९६.४ | ९७.२ | ९९ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ को उपलब्धि* | २०७६/७७ को उपलब्धि अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| | खुद भर्नादर | | | | | | |
| २.२.४ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | - | - | - | - | - |
| २.२.५ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | - | - | - | - | - |
| २.२.६ | काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | - | - | - | - | - |
| २.३ | **उत्पादनशील र मर्यादित रोजगारी** | | | | | | |
| २.३.१ | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | २७.३ | - | ३०.० | ३२.६ | ३५.० |
| २.३.२ | बेरोजगारी दर | प्रतिशत | ११.५ | - | ९.५ | ८.५ | ८.० |
| २.३.३ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३२.३ | - | ३९.० | ४१.० | ४५ |
| ३ | **सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता** | | | | | | |
| ३.१ | **सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात** | | | | | | |
| ३.१.१ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग (स्तरोन्नति/कालोपत्रे) | कि.मि. | - | - | - | - | - |
| ३.१.२ | द्रुत लोकमार्ग (भूमिगत मार्ग समेत) | कि.मि. | - | - | - | - | - |
| ३.१.३ | रेलमार्ग | कि.मि. | - | - | - | - | - |
| ३.२ | **पूर्वाधारमा पहुँच तथा आबद्धता** | | | | | | |
| ३.२.१ | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | - | - | - | - | - |
| ३.२.२ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८६.२ | - | ९०.२ | ९१.४ | ९५.० |
| ३.२.३ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | - | - | - | - | - |
| ३.२.४ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | - | - | - | - | - |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ को उपलब्धि* | २०७६/७७ को उपलब्धि अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| ३.२.५ | इन्टरनेट प्रयोगकर्ता (कुल जनसंख्यामा) | प्रतिशत | २८.९ | - | ४७.८ | ५४.१ | ६५.० |
| ४ | **उच्च र दिगो उत्पादन तथा उत्पादकत्व** | | | | | | |
| ४.१ | **प्रादेशिक अर्थतन्त्रमा क्षेत्रगत योगदान** | | | | | | |
| ४.१.१ | प्राथमिक क्षेत्र (कृषि, वन र खानि) | प्रतिशत | ३८.२५ | ३७.३४ | ३५.९५ | ३५.९३ | ३५.९५ |
| ४.१.२ | द्वितीय क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत,ग्यास र पानी तथा निर्माण) | प्रतिशत | १४.८९ | १४.६८ | १३.९१ | १३.७९ | १३.६५ |
| ४.१.३ | तृतीय क्षेत्र (सेवा) | प्रतिशत | ४६.८६ | ४७.९८ | ५०.१३ | ५०.२८ | ५०.३९ |
| ४.२ | **स्वच्छ ऊर्जाको उत्पादन तथा उपभोग** | | | | | | |
| ४.२.१ | जलविद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | ६८.५ | - | - | - | - |
| ४.२.२ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | - | - | - | - | - |
| ४.२.३ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | - | - | - | - | - |
| ४.३ | **व्यापार सन्तुलन** | | | | | | |
| ४.३.१ | वस्तु तथा सेवाको निर्यात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | अनुपात | - | - | - | - | - |
| ४.३.२ | वस्तु तथा सेवाको आयात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | - | - | - | - | - |
| ४.४ | **प्रादेशिक तथा क्षेत्रगत उत्पादकत्व** | | | | | | |
| ४.४.१ | श्रम उत्पादकत्व | रू. हजारमा | १६५.५ | - | २०६.५ | २२०.३ | |
| ४.४.२ | कृषि उत्पादकत्व (प्रमुख बाली) | मेट्रिक टन प्रति हेक्टर | २.६५ | - | ३.३१५ | ३.३८ | |

## तालिका २.३: सुखका सुदूरपश्चिम प्रदेशको लक्ष्य, गन्तव्य र सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ को उपलब्धि* | २०७६/७७ को उपलब्धि अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| १ | **परिष्कृत तथा मर्यादित जीवन** | | | | | | |
| १.१ | **नागरिक स्वस्थता तथा सन्तुष्टि** | | | | | | |
| १.१.१ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | २८.१ | - | २२.० | २०.० | |
| १.१.२ | मानव विकास सूचकांक | सूचकांक | ०.४३ | - | ०.४८ | ०.४९ | |
| १.१.३ | नागरिक सन्तुष्टिको अनुभूति सूचकांक | सूचकांक | - | - | - | - | |
| १.१.४ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | ३३.६ | - | २३.७ | २०.४ | |
| १.२ | **सुरक्षित तथा सुविधासम्पन्न आवास** | | | | | | |
| १.२.१ | सुरक्षित (भवन आचार संहिताको मापदण्ड अनुसार निर्मित) आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | - | - | - | - | - |
| १.३ | **भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व** | | | | | | |
| १.३.१ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ९४.७ | - | ९५.४ | ९५.६ | |
| १.३.२ | सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसंख्या | प्रतिशत | - | - | - | - | - |
| १.३.३ | लैंगिक विकास सूचकांक | सूचकांक | - | - | - | - | - |
| २ | **सुरक्षित, सभ्य र न्यायपूर्ण समाज** | | | | | | |
| २.१ | **विभेद,हिंसा र अपराधमुक्त समाज** | | | | | | |
| २.१.१ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २१.६ | - | १५.९ | १४.० | |
| २.१.२ | दर्ता भएका लैंगिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ७९.९ | - | - | - | - |

| क.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ को उपलब्धि* | २०७६/७७ को उपलब्धि अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| २.२ | **सामाजिक-सांस्कृतिक विविधता** | | | | | | |
| २.२.१ | मातृभाषामा पठन-पाठन हुने विद्यालय | संख्या | – | – | – | – | – |
| २.३ | **सामाजिक सुरक्षा तथा संरक्षण** | | | | | | |
| २.३.१ | राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | – | – | – | – | – |
| २.३.२ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | – | – | – | – | – |
| ३ | **स्वस्थ र सन्तुलित पर्यावरण** | | | | | | |
| ३.१ | **प्रदूषणमुक्त र स्वच्छ वातावरण** | | | | | | |
| ३.१.१ | वायु प्रदूषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घनमिटर | – | – | – | – | – |
| ३.२ | **जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन** | | | | | | |
| ३.२.१ | लोपोन्मुख, सङ्कटापन्न र जोखिममा परेका प्रजाति/वनस्पति संरक्षण | संख्या | – | – | – | – | – |
| ३.३ | **जलवायु परिवर्तन अनुकूलनशीलता** | | | | | | |
| ३.३.१ | अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह | संख्या | – | – | – | – | – |
| ३.४ | **विपद् उत्थानशील समाज र अर्थतन्त्र** | | | | | | |
| ३.४.१ | विपद्का घटनाबाट प्रभावित परिवार | प्रति हजार | – | – | – | – | – |
| ३.४.२ | विपद्का घटनाबाट मृत्यु हुने जनसंख्या | प्रति लाख | – | – | – | – | – |
| ४ | **सुशासन** | | | | | | |
| ४.१ | **कानुनी शासन** | | | | | | |
| ४.१.१ | कानुनी शासन सूचकांक | सूचकांक | – | – | – | – | – |
| ४.२ | **सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिता** | | | | | | |
| ४.२.१ | भ्रष्टाचार अनुभूति सूचकांक | सूचकांक | – | – | – | – | – |
| ४.२.२ | हेलो सरकारमा प्राप्त | प्रतिशत | – | – | – | – | – |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ को उपलब्धि* | २०७६/७७ को उपलब्धि अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| | उजुरीको फछ्र्यौट | | | | | | |
| ५ | **सबल लोकतन्त्र** | | | | | | |
| ६ | **राष्ट्रिय एकता, सुरक्षा र सम्मान** | | | | | | |
| ६.१ | **नेपालीत्वको उच्च भावना** | | | | | | |
| ६.१.१ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | - | - | - | - | - |
| ६.२ | **मानव तथा अन्य सुरक्षा** | | | | | | |
| ६.२.१ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ५४.४ | - | ७८.० | ८६.३ | ९०.० |
| ६.२.२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ३७.७ | - | ५०.३ | ५४.९ | |
| ६.३ | **अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता** | | | | | | |
| ६.३.१ | कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज,जीवजन्तु र खाद्य पदार्थ) को अंश | प्रतिशत | – | – | – | – | – |

** २०७५/७६ को उपलब्धिमा उल्लेख भएका तथ्यांकहरुको श्रोतको आधार वर्षमा सामान्य फरक हुनसक्छ।*

### २.५ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण

प्रदेश सरकारको स्रोत आंकलन गर्दा देहायको आधार अपनाइएको छः

क. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघीय सरकारले संकलन गर्ने अधिकार क्षेत्रमा रहेको मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क रकम संघीय विभाज्य कोषमा रहने र यस्तो रकमको १५ प्रतिशत प्रदेश तहमा र १५ प्रतिशत स्थानीय तहमा बाँडफाँट भई बाँकी ७० प्रतिशत रकम मात्र संघमा रहने। सो अनुसार संघीय विभाज्य कोषबाट प्रदेशलाई प्राप्त हुने राजस्वको अनुमान संघबाट हस्तान्तरण भइ आएको रकम तथा पछिल्ला दुई वर्षका लागि नेपाल सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको।

ख. त्यसैगरी रोयल्टी (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत) बाट संकलन भएको राजस्व रकमको २५ प्रतिशत सम्बन्धित प्रदेशले प्राप्त गर्ने भएकाले सोलाई समेत राजस्व अनुमान गर्दा गणना गरिएको।

ग. प्रदेशले परिचालन गर्ने राजस्व अनुमान गर्दा कृषि आयमा लाग्ने कर, घर जग्गा रजिष्ट्रेशन, सवारी साधन दस्तुरको विगत दुई आर्थिक वर्षमा संकलन भएको रकम, आगामी आर्थिक वर्षमा हुने आर्थिक गतिविधि, स्थानीय तहसँगको साझा राजस्व सम्बन्धी अधिकार समेतका आधारमा प्रक्षेपण गरिएको।

घ. संघबाट प्रदेशलाई हस्तान्तरण भएको वित्तीय समानीकरण तथा सशर्त अनुदान रकम समेत आगामी आ.व. का लागि संघबाट प्राप्त रकम तथा पछिल्ला दुई वर्षका लागि नेपाल सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको।

ङ. वैदेशिक सहायता अनुमान गर्दा दातृ राष्ट्र वा संस्थासँग भएको पछिल्ला दुई वर्षमा हुन सक्ने सम्झौतालाई अनुमान गरी प्रक्षेपण गरिएको।

च. प्रदेश सरकारले लिनसक्ने आन्तरिक ऋण प्रदेशले परिचालन गर्ने कुल राजस्वको १० प्रतिशतको सीमामा राखिएको।

**तालिका २.४: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (प्रचालित मूल्यमा)**

**(रू हजारमा)**

| क्र.सं. | विवरण | आ.व. २०७६/७७ को संशोधित अनुमान | मध्यमकालीन खर्च अनुमान | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७७/७८ को अनुमान | आ.व. २०७८/७९ को प्रक्षेपण | आ.व. २०७९/८० को प्रक्षेपण | तीन वर्षको जम्मा |
| १ | **कुल बजेट** | **२७३३३८६०** | **३३३८१३४८** | **३५०८०२८२** | **३८१५२४८१** | **१०६६१४१११** |
| २ | **कुल राजस्व** | **१२७११६१२** | **१९०७४२३३** | **२०९८१६५६** | **२३०७९८२२** | **६३१३५७११** |
| | संघीय विभाज्य कोषबाट प्राप्त राजस्व | ६५७१८३४ | ८३५९१३० | ९१९५०४३ | १०११४५४७ | २७६६८७२० |
| | प्रदेश विभाज्य कोषबाट प्राप्त तथा अन्य आन्तरिक राजस्व | ६१३९७७८ | १०७१५१०३ | ११७८६६१३ | १२९६५२७४ | ३५४६६९९० |
| ३ | **नेपाल सरकारबाट प्राप्त अनुदान** | **१४५५३५३७** | **१४२३७११५** | **१४०७७८२०** | **१५०४९७७२** | **४३३६४७०७** |
| | वित्तीय समानीकरण | ७९५२४०० | ८०७६८०० | ८८८४४८० | ९७७२९२८ | २६७३४२०८ |
| | सशर्त | ४८८५०३७ | ३३९३५०० | ३०५४१५० | २७४८७३५ | ९१९६३८५ |
| | विशेष | ७५०००० | ४८५००० | ७५०००० | १०००००० | २२३५००० |
| | समपूरक | ९६६१०० | १२६२९०० | १३८९१९० | १५२८१०९ | ४१८०१९९ |
| ४ | **वैदेशिक अनुदान** | **०** | **१८९१५** | **२०८०६** | **२२८८७** | **६२६०८** |
| ५ | **कुल खर्च** | **१६७४०२५७** | **३३३८१३४५** | **३६७१९४७९** | **३९३१८८३५** | **१०९४१९५६९** |
| | चालु खर्च | ८५०४६४९ | १६३२२८६० | १७९५५१४६ | १९४००५३५ | ५३६७८५४१ |
| | पुँजीगत खर्च | ८२३५६०८ | १६७५८४८८ | १८४३४३३६ | १९९१८३०० | ५५१११२४ |
| ६ | बजेट बचत (-) न्यून (+) | -१०५२४८९२ | -२३०००० | - | - | - |
| ७ | वित्तीय व्यवस्था | ० | ३०००० | ३३०००० | ३६३००० | ७२३००० |
| ८ | आन्तरिक ऋण | - | - | | | - |
| ९ | वैदेशिक ऋण | - | - | | | - |

पुनश्चः *प्रादेशिक विभाज्य कोषबाट स्थानीय तहमा बाँडफाँट हुने राजस्व तथा स्थानीय तहका अधिकार क्षेत्रभित्र परिचालन हुने राजस्व रकम समावेश गरिएको छैन।

### तालिका २.५: बजेटको त्रिवर्षीय विनियोजन र प्रक्षेपणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात

**(प्रतिशत)**

| क्र. सं. | विवरण | २०७५/७६ को उपलब्धि* | २०७६/७७ को उपलब्धि अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| १ | **बजेट अनुमान** | **५.८३** | ६.१६ | **१०.५५** | १०.८९ | ११.२८ |
| | चालु खर्च | २.८५ | ३.१३ | ५.२० | ५.३८ | ५.५७ |
| | पुँजीगत खर्च | २.९८ | ३.०३ | ५.३४ | ५.५२ | ५.७२ |
| | वित्तीय व्यवस्था | ० | ० | ०.१० | ०.१० | ०.१ |
| २ | **राजस्व*** | **२.९९** | ४.६८ | **६.०८** | **६.२८** | **६.५१** |
| | नेपाल सरकारबाट अनुदान | ५.३१ | ३.३६ | ४.५४ | ४.२१ | २.२४ |
| | वैदेशिक अनुदान | – | - | - | - | - |
| | वैदेशिक ऋण | – | - | - | - | - |
| | आन्तरिक ऋण | – | - | - | - | - |

# परिच्छेद ३
# आर्थिक क्षेत्र

### ३.१ आर्थिक मामिला तथा योजना

#### १. पृष्ठभूमि

संविधानले कर र राजस्वका श्रोत र सार्वजनिक वित्तको परिचालनमा समबन्धमा प्रदेशको अधिकार क्षेत्र किटान गरेको छ। उक्त अधिकारहरूको प्रभावकारी उपयोगबाट प्रदेशको समग्र विकास, प्रशासनिक तथा सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पुरा गर्न सकिन्छ। उपलब्ध आन्तरिक स्रोतसाधनको परिचालनमा जोड दिई आन्तरिक राजस्वको परिचालनलाई सवल र दिगो बनाउनुका साथै आर्थिक सामाजिक रूपान्तरणका लागि लगानीका क्षेत्रहरू निर्धारण गरी विकासलाई अगाडि बढाउन विकास कार्यक्रमको प्राथमिकीकरण गरी योजनाबद्ध रूपमा अगाडि बढाउन अपरिहार्य छ। सार्वजनिक खर्च परिचालनलाई मितव्ययी बनाउँदै विकास निर्माण र पुँजी परिचालनमा तहगत सरकारहरूका साथै निजी, सहकारी तथा सामुदायिक समन्वय, सहकार्य, सह-वित्तीयकरण र साझेदारी गर्दै तिब्र आर्थिक वृद्धि र सामाजिक न्याय सहितको समावेशी विकास गर्नपर्ने हुन्छ। प्रदेशको तिब्र आर्थिक वृद्धि र सामाजिक न्याय सहितको समृद्धिका लागि भौतिक तथा सामाजिक पूर्वाधार विकास र सबैको सार्वजनिक सेवा, स्रोत, उत्पादन र रोजगारीमा पहुँच आवश्यक हुन्छ। यसका लागि स्पष्ट सोच सहितको योजनाबद्ध रणनीतिक हस्तक्षेप आवश्यक हुन्छ। तथ्यपरक योजना तर्जुमा र जवाफदेहिता पूर्ण अनुगमन तथा मूल्याङ्कन पद्दतिबाट मात्र यो सम्भव हुने भएकोले आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम र तथ्याङ्कीय आधार जस्ता प्रणाली र उपकरणको विकास गरी संस्थागत गर्नुपर्ने आवश्यकता यस क्षेत्रमा रहेको छ।

#### २. चुनौति तथा अवसर

उपलब्ध स्रोतसाधनको कुशल विनियोजन तथा दिगो व्यवस्थापन गरी समन्यायिक विकास र वितरण सुनिश्चित गर्नु, गुणस्तरीय पूर्वाधार निर्माणका लागि स्रोत व्यवस्थापन गर्नु, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी पूँजी र श्रमको उत्पादकत्वमा वृद्धि गर्नु, अर्थतन्त्रको औपचारिकीकरण गर्नु, आर्थिक उपलब्धीको समन्यायिक वितरणको सुनिश्चितता गर्नु, आर्थिक क्षेत्रका प्रमुख चुनौतिका रूपमा रहेका छन्। यसैगरी, प्राकृतिक श्रोतको वैज्ञानिक व्यवस्थापन उपयोग, तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा को लागि तथ्यांकीय आधार तयार गर्नु, विकास आयोजना तथा करार व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु आदि योजना तथा आयोजना क्षेत्रका थप चुनौतिका रूपमा रहेका छन्।

मुलुकको राजनीतिक संरचनात्मक रूपान्तरणले ल्याएको विकासको विकेन्द्रीकरण, मुलुक आर्थिक तथा सामाजिक विकासको चरणमा प्रवेश गरेको अवस्था, उर्वर जमिन, जलस्रोत, वन, खानी, जैविक विविधता एवम् भौगोलिक सुन्दरताजस्ता प्राकृतिक स्रोतहरूको उपलब्धता, कृषि, सिंचाइ तथा जलविद्युतको प्रचुर सम्भाव्यता, सम्भाव्य स्रोत साधनको पहिचान, दायरा विस्तार तथा परिचालन जस्ता पक्ष यस प्रदेशका प्रमुख अवसरका रूपमा रहेका छन्। साथै राष्ट्रिय गौरवको रानीजमरा कुलरिया सिंचाइ आयोजना निर्माणको क्रममा रहेको, सेती लोकमार्ग, मध्य पहाडी लोकमार्ग, छेला औद्योगिक क्षेत्र, बुढीगंगा जलविद्युत आयोजना र सोबाट उपलब्ध हुने रोजगारीका अवसर, बजार विस्तार तथा अन्य प्रदेशसँगको आवद्धतालाई आर्थिक सामाजिक विकासमा उपयोग गर्ने अवसर पनि रहेको छ।

## ३. सोच

वित्तीय क्षेत्रको विकास र प्रभावकारी वित्त व्यवस्थापन द्वारा समृद्ध प्रदेश निर्माण (अर्थ)।

गतिशील योजना तर्जुमा तथा आयोजना व्यवस्थापन प्रणाली मार्फत सार्वजनिक व्यवस्थापनमा सुशासन अभिवृद्धि (योजना तथा आयोजना)।

## ४. उद्देश्य

१. आर्थिक वृद्धि, रोजगारी सृजन एवं पूँजी निर्माणमा योगदान पुग्ने गरी कुशल एवं प्रभावकारी रूपमा सार्वजनिक वित्त परिचालन गर्नु।

२. स्थानीय समुदायसम्म वित्तीय पहुँच सुनिश्चित गरी पुँजी निर्माण एवम् अर्थतन्त्रको औपचारिकीकरण गर्नु।

३. प्रादेशिक योजना तथा तथ्यांक प्रणाली र आयोजना अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी संस्थागत गर्नु।

४. आयोजनाको पहिचान, विश्लेषण तथा प्राथमिकीकरण र छनौट तथा कार्यान्वयन अनुमानयोग्यता कायम गर्न सूचना प्रविधि प्रणालीमा आधारित प्रादेशिक आयोजना बैङ्कको स्थापना गर्नु।

## ५. रणनीति

१. राजस्व वृद्धिको समुचित वातावरण तयार गरी राजश्व परिचालनका लागि एकीकृत सरल कर प्रणाली र उपयुक्त संगठन संरचनाको विकास गर्ने।
२. विनियोजन दक्षता र संचालन कुशलता मार्फत उच्च प्रतिफल दिने क्षेत्रमा लगानी केन्द्रित गर्ने।
३. वित्तीय व्यवस्थापनमा आर्थिक अनुशासन तथा जवाफदेहिता प्रर्वद्वन गर्ने।
४. तहगत सरकार र निजी, सहकारी तथा सामुदायिक क्षेत्रबीच उपलब्ध स्रोतको महत्तम उपयोग गर्न सहवित्तीयकरण, समन्वय र सहकार्य गरी उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने।
५. स्थानीय स्तर तथा जनसमुदायसम्म वित्तीय पहुँच सुनिश्चित गर्ने।
६. प्रादेशिक योजना तथा तथ्यांक प्रणालीलाई सूचना तथा प्रमाणमा आधारित तथ्यपरक बनाउने।
७. प्रदेशको आवश्यकता, समस्या, सम्भाव्यता र आयोजनाको कार्यान्वयनयोग्यताको आधारमा आयोजनाको पहिचान, विश्लेषण, छनौट, प्राथमिकीकरण र स्तरीकरण गरी प्रादेशिक आयोजना बैंकमा समावेश गर्ने।
८. आयोजना अनुगमन तथा मूल्याङ्कनमा व्यवस्थापकीय जवाफदेहिताको पक्ष समेटी परिणाममुखी बनाउने।

## ६. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

रकम रू. हजारमा

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | ऋण |
| २०७७/७८ | १६४२४३० | १६१९९८५ | २२४४५ | - | - | १६४१९३० | - |
| २०७८/७९ | ११४७२२ | ८७४०२ | २७३२० | - | - | ११४७२२ | - |
| २०७९/८० | १२८५९० | ९७०७० | ३१५२० | - | - | १२८५९० | - |

## ७. जोखिम तथा अनुमान पक्ष

प्रदेश सरकारको कार्य सम्पादनमा आवश्यक पर्ने ऐन, कानून समयमै तर्जुमा हुने, विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने जनशक्तिको उपलब्धता र सार्वजनिक वित्त परिचालनमा प्रादेशिक निकाय र प्रदेश भित्रका स्थानीय तहहरूको वित्तीय जवाफदेहिता, सक्रियता तथा समन्वय सकारात्मक रहेमा लक्षित उपबल्धिहरू हासिल हुने देखिन्छ।

## ३.२ उद्योग, पर्यटन, वन तथा वातावरण

### ३.२.१ वन तथा वातावरण

### १. पृष्ठभूमि

सुदूरपश्चिम प्रदेशको दिगो विकासमा वन क्षेत्रको महत्वपूर्ण योगदान रहने देखिन्छ। प्रदेशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैर काष्ठ वन पैदावारहरूको आपूर्तिका साथै, पशुपालन, कृषि पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ। वनबाट हाम्रो करिब ७० प्रतिशत ईन्धन, झन्डै ४० प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा प्राप्त हुँदै आएको छ। जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक–सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको योगदान प्रत्यक्ष रहेको हुँदा वन क्षेत्र राष्ट्रिय तथा प्रदेशको प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ।

सन् २०१५ को वनस्रोत सर्वेक्षणअनुसार यस प्रदेशमा वनले ढाकेको भागको क्षेत्रकुल ४८.७ प्रतिशतबाट बढेर ५७.९ प्रतिशत पुगेको छ। विशेष गरी पहाडी क्षेत्रमा वनले ढाकेको भू–भागमा वृद्धि भएको छ भने झाडी बुट्यानले ढाकेका क्षेत्रहरू वन क्षेत्रमा रूपान्तरित हुनुका साथै वनक्षेत्रबाहिरको भू–भागमा समेत वनको वृद्धि भएको छ। यस प्रदेशको कुल भू–भागको २३७१.५ वर्ग किलोमिटर संरक्षित क्षेत्र रहिआएको छ। यसले प्रदेशको ६.८९ प्रतिशत (खप्तड रा.नि., शुक्लाफाँटा रा.नि. र अपिनाम्पा संरक्षण क्षेत्र) भू–भाग ओगटेको छ। साथै यस प्रदेशमा पाइने मूख्य बन्यजन्तु प्रजातिमा बाह्रसिंगा, गैंडा, बाघ, हात्ती, डल्फिन, कस्तुरी मृग, रतुवा, घोरल, चित्तल, हिउँचितुवा, रातो बाँदर, लगुना, मगर तथा घडियाल गोही, शालक लगायतका प्रजातिहरूको संरक्षणका लागि विशेष पहल र प्रयासहरू भइरहेका छन्। हिमाल पहाड र तराई मिश्रित यस प्रदेशमा माटो र पानीको संरक्षण गरी दिगो विकास तथा जीविकोपार्जनमा टेवा पुर्‍याउने एकीकृत जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू–जलाधार संरक्षण एवम् व्यवस्थापनको कार्य भइरहेको छ।

यस प्रदेशमा समुदायमा आधारित वन व्यवस्थापन पद्दति (सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, संरक्षणक्षेत्र, संरक्षित वन, कबुलियती वन आदि) अवलम्बन भई आएको छ। हालसम्म यस प्रदेशमा ३१९५ वटा सामुदायिक वन, १०८७ वटा कबूलियती वन, ३७ वटा धार्मिक वन, ६ वटा संरक्षित वन (४ वटा प्रस्तावित समेत गरी), २ वटा साझेदारी वन र १९४ वटा निजी वन समुदायद्वारा तथा सरकारद्वारा व्यवस्थापन भैरहेको छ।

### २. चुनौति तथा अवसर

सुदूरपश्चिम प्रदेशमा कुल भु भागमध्येको १०,१०,२०७ हेक्टर वन तथा १,३५,९०० हेक्टर वुट्यान क्षेत्र रहेको छ। जैविक विविधताले सम्पन्न यस प्रदेशमा वन क्षेत्रकोअतिक्रमण, चोरी निकासी, लोपुन्मुख प्रजातिका अङ्गहरू तस्करी, गैरकानूनी रूपमा खानी उत्खनन् कार्य आदि समस्याको रूपमा रहेका छन्। त्यसैगरी चुरेको अत्याधिक दोहनका कारण नदीजन्य समस्याहरू, भू-क्षय तथा तराईमा खानेपानीको समस्या आदि विकराल रूपमा देखिँदै आएको छ। सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाहरू जस्तै बैतडी, कञ्चनपूर, डोटी अदि क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्व समस्याको रूपमा रहेको छ। जलवायु परिवर्तन, डढेलो, खडेरी तथा अति वृष्टी जस्ता समस्याहरुका कारण महत्वपूर्ण जैविक विविधतामा ह्रास आउँन सक्ने देखिन्छ ।

अन्तर्राष्ट्रिय सन्धि–सम्झौतामा नेपालको प्रतिवद्धता अनुसारका कार्यका लागि नीति, कानून र कार्यक्रमहरू स्पष्ट पार्नु, यसका साथै सङ्घीय राजनीतिक व्यवस्था बमोजिम सङ्गठनात्मक संरचना तयार पार्नु र कार्यान्वयनमा ल्याउनु,

वन क्षेत्रको लैङ्गिक तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०६५ को प्रभावकारी कार्यान्वयन गर्नु, वन क्षेत्रबाट उत्पादनहुने लाभ तथा सेवालाई न्यायोचित आधारमा बाँडफाँड गर्न शासकीय सुदृढीकरण गर्दै जनताको आधारभूत आवश्यकताहरू (काठ, दाउरा, घाँस, स्याउला)को आपूर्तिलाई समुदायस्तर देखि राष्ट्रियस्तरसम्म व्यवस्थापन गर्नुका साथै सरोकारवालासँग सहकार्य गरी वनको दिगो र वैज्ञानिक व्यवस्थापनलाई अझ सुदृढ गर्नु वन क्षेत्रका प्रमुख चुनौति हुन्। काष्ठ तथा गैह्रकाष्ठ वन पैदावारको उचित व्यवस्थापन, उपयोग तथा सँरक्षण, वर्षेनी भैरहने वन डढेलो नियन्त्रण, मानव वन्यजन्तु द्वन्द्वको न्यूनीकरण, प्रदेशभित्र रहेका जलाधार क्षेत्रहरूको पहिचान, एकीकृत जलाधार व्यवस्थापन गर्दै नदी-कटान नियन्त्रण, भू-क्षय नियन्त्रण, अतिरिक्त वन फँडानीबाट हुने जलवायु परिवर्तन न्यूनीकरण, विपद् जोखिम न्यूनीकरण र वन तथा वनमा आश्रित समुदायका लागि दिगो अनुकूलनका कार्यक्रम सञ्चालन गर्नु चुनौतिपूर्ण छ।

वनको वैज्ञानिक व्यवस्थापन मार्फत वनको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि तथा प्रदेशको राजश्व वृद्धिको अवसर, पहाडी तथा उच्च पहाडी क्षेत्रमा पाइने महन्वपूर्ण तथा बहुमूल्य प्रजातिका जडिबुटीहरूको दिगो व्यवस्थापन तथा बजारीकरण मार्फत आम्दानी बढाउने र जडिबुटीमा आधारित उद्योग निर्माण गर्न सकिने सम्भावना, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, खप्तड राष्ट्रिय निकुञ्ज, अपिनाम्पा संरक्षण क्षेत्र, घोडाघोडी ताल, रामारोशन, बडीमालिका, अपि हिमाल र सैपाल हिमाल जस्ता प्राकृतिक, धार्मिक र साँस्कृतिक महत्वका क्षेत्रमा पर्यापर्यटनको विकासको अवसर, वन क्षेत्रबाट प्राप्त हुने वस्तु तथा सेवाको विविधीकरण गरी वातावरणीय सेवाको भूक्तानीको प्रणाली विकासको अवसर र महत्वपूर्ण जलाधार क्षेत्रहरूको उपलव्धता आदि अवसरको रुपमा रहेका छन ।

## ३. सोच

समृद्ध वन, जलाधार तथा जैविक विविधता, सुखि प्रदेशबासी।

## ४. उद्देश्य

१. दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गरी आयआर्जन तथा रोजगारीका अवसर सृजना गर्ने।
२. जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाटप्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु।
३. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षणर व्यवस्थापन गर्नु।

## ५. रणनीति

१. विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने।
२. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमास्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूको विकास गर्ने।
३. दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वातावरणीय सन्तुलनकायम राखी जलवायु परिवर्तन न्यूनीकरणका सम्भावित अन्तर्राष्ट्रिय लाभहरूलाई स्थानीय स्तरसम्म पुर्याउने।
४. वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने।
५. प्रादेशिक पर्यावरणलाई सन्तुलित बनाउँदै प्रदेशमा व्याप्त मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने।

## ३.२.२ उद्योग, वाणिज्य तथा पर्यटन

### १. पृष्ठभूमि

सुदुरपश्चिम प्रदेशमा हालसम्ममा उत्पादनमूलक ४३७५, ऊर्जामूलक ६, कृषिजन्य ५१६६, पर्यटन सम्बन्धी १६२२, सेवामूलक ९०३४ र निर्माण सम्बन्धी २८७ गरी जम्मा २०४६८ उद्योग दर्ता भई संचालनमा रहेका छन्। कृषि तथा वनजन्य कच्चा पदार्थको उपलव्धता रहेकोले साना तथा मझौला उद्योग स्थापनाको प्रशस्त सम्भावना रहेता पनि हालसम्म ठुला उद्योगहरू खुल्न नसक्दा यस क्षेत्रको औद्योगिक विकास अपेक्षित रुपमा हुन सकेको छैन । प्रशोधन तथा तयारी माल उत्पादन गरी निकासी गर्न सकेमा स्थानीयस्तरमा रोजगारी श्रृजना हुने, उत्पादित बस्तुको मूल्य वृद्धि हुनुका साथै प्रदेशको आयमा वृद्धि हुने देखिन्छ।

औद्योगिक क्षेत्र तथा औद्योगिक ग्रामहरू स्थापना गर्ने, ठुला उद्योग संचालनका लागि निजी क्षेत्रलाई लगानीको वातावरण श्रृजना गर्न कानून तर्जूमा गर्ने, सार्वजनिक निजी साझेदारीमा उद्योगहरू संचालन गर्ने, साना तथा मझौला उद्योगहरू संचालनका लागि सीप, प्रविधी तथा पुंजिगत अनुदान समेत उपलब्ध गराउने नीति प्रदेश सरकारले लिएको छ। त्यसैगरी स्थानीय कच्चा पदार्थको अधिकतम सदुपयोग गरी स्थानीय जनताको जिविकोपार्जनमा टेवा पुऱ्याउनका लागि विपन्न तथा पिछडिएका जनताहरूलाई आवश्यक सीप तथा प्रविधि हस्तान्तरण गर्ने गरी लघु उद्यम प्रबर्द्धनलाई जोड दिईएको छ ।

प्रदेशमा उद्योग र वाणिज्य तथा आपूर्ति सम्बन्धी सेवा प्रवाह गर्नका लागि संरचनागत हिसाबले यस मन्त्रालयमा उद्योग बाणिज्य तथा आपूर्ति महाशाखा, मन्त्रालय अन्तर्गत प्रदेश स्तरमा उद्योग वाणिज्य तथा उपभोक्ता हित निर्देशनालय र जिल्ला स्तरमा २ वटा घरेलु तथा साना उद्योग विकास कार्यालयहरू (कैलाली र कञ्चनपुर) र ७ वटा घरेलु तथा साना उद्योग विकास समितीहरू (डडेलधुरा, बैतडी, डोटी, बझाङ, बाजुरा, अछाम र दार्चुला) क्रियाशील रहेका छन्। उपभोक्ता अधिकारको सुनिश्चित गर्दै नियमित रूपमा बजार अनुगमन गरी कालोबजारी नियन्त्रण गर्ने र ग्रामिणस्तरमा सहुलियत तथा सुपथ मूल्यका पसलहरू संचालन गरी दुर्गम क्षेत्रका विपन्न जनताहरूलाई सहुलियत प्रदान गर्न शुरुवात गरिएको छ। त्यसैगरी खाद्य तथा नुन डिपोको स्थापना गरी ग्रामिण तथा दुर्गम क्षेत्रका जनताहरूलाई खाद्य सुरक्षाको प्रत्याभूति गर्न आवश्यक कार्य प्रारम्भ गरिएको छ ।

सुदुरपश्चिम प्रदेश पर्यटनको प्रशस्त सम्भाबना बोकेको प्रदेश भएता पनि यस क्षेत्रमा रहेका प्रमुख पर्यटकीय गन्तब्यहरू (बडिमालिका, रामारोशन, खप्तड, शुक्लाफांटा, कर्णाली, उग्रतारा, शैलेश्वरी, मालिकार्जुन, त्रिपुराशुन्दरी लगायत यस क्षेत्रका सांस्कृतीक सम्पदाहरू आदि) हरूको पर्याप्त विकास तथा प्रचार हुन नसकेको कारणले गर्दा पर्यटकहरूलाई भित्र्याउन सकिएको छैन। साथै पर्यटन क्षेत्रबाट प्राप्त हुन सक्ने संभाब्य स्थानीय तथा प्रादेशिक आम्दानी र रोजगारी समेत गुमिरहेको छ। प्रदेश सरकारले यस प्रदेशमा रहेका सात देवीहरू (बझाङ्गको सुरमादेवी, बाजुराको बडिमालिका, बैतडीको त्रिपुरासुन्दरी र निङ्गलाशैनी, डोटीको शैलेश्वरी, डडेलधुराको उग्रतारा भगवती र दार्चुलाको मालिकार्जुन) तथा पांच वटा मुख्य करिडोरहरू (१. महाकाली करिडोर २. कर्णाली करिडोर ३. डोटी देखी अछाम सम्मको करिडोर ४. टिकापुर देखि डोटी हुंदै तिब्बत जोड्ने करिडोर ५. झुलाघाट देखि बझाङ्ग हुंदै बाजुरा सम्मको करिडोर) लाई मुख्य केन्द्रबिन्दु बनाएर पर्यटकीय विकास गर्ने प्रयास गरिएको छ। उक्त करिडोर अन्तर्गत धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा साहसिक लगायतका संभाब्य पर्यटकीय विकासका पूर्वाधारहरूको प्राथमिकताका आधारमा विकास गर्ने सम्भावना रहेको छ।

पर्यटन क्षेत्रको विकासको लागि निजी क्षेत्रको संलग्नता बढाउनको लागि उपयुक्त नीति निर्माण गरी पर्यटन व्यवसायमा संलग्न हुने निजी क्षेत्रलाई सहुलियतको व्यवस्था गरिने छ। यसैगरी यस क्षेत्रमा रहेका जाती अनुसारको

संस्कृतिहरूको संरक्षण तथा प्रबर्द्धन गर्नुका साथै ग्रामिण स्तरमा होमस्टे संचालन र शहरी क्षेत्रमा सुविधायुक्त होटल तथा लजहरूको प्रबर्द्धनमा बिशेष जोड दिईने छ। प्रदेशमा पर्यटन सम्बन्धी सेवा प्रवाह गर्नको लागि मन्त्रालय मातहतमा प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन ईकाई गठन भै कार्य संचालन भै रहेको छ।

## २. चुनौति तथा अवसर

अन्तराष्ट्रिय सन्धि सम्झौतामा नेपालको प्रतिवद्धता अनुसारका कार्यका लागि नीति, कानून र कार्यक्रमहरू स्पष्ट पार्नु, उद्यमशीलता, पुंजी र औद्योगिक पूर्वाधारको आधार तयार पार्नु, दुर्गम ग्रामिण ईलाकाहरूमा बस्तु तथा सेवाको नियमित आपूर्ति र आपतकालीन आपूर्ति व्यवस्थाका लागि संस्थागत संरचनासहितको पूर्वाधार तयार पार्नु, कृषि, पर्यटन जस्ता क्षेत्रहरूलाई उद्योगको रूपमा विकास गर्नु, उपभोक्ता सचेतना बजार सूचना प्रणालीको व्यवस्थापन गर्नु, प्रदेशको वाणिज्य तथ्यांक सहित व्यवसायिक क्षेत्रमा संलग्नहरूको सीप र कौशलता अभिवृद्धि गर्नु चुनौतिपूर्ण छ। पर्यटक आकर्षण बढाउन प्रतिस्पर्धात्मक क्षमतायुक्त गन्तब्यहरूको विकास र प्रवर्द्धन गर्नु, पर्यटकीय पूर्वाधारहरूको विकास गरी गुणस्तरीय पर्यटक आगमनमा वृद्धि गर्नु, पर्यटन उद्योगमा निजी क्षेत्रको आकर्षण बढाउन लगानी अभिवृद्धि गर्नु र पर्यटन व्यवसाय र यससंग सम्वन्धित क्षेत्रको ज्ञान र दक्षता अभिवृद्धि गर्नु थप चुनौतिपूर्ण छ ।

पर्यटकीय सम्भावना बोकेका स्थान र गन्तव्यहरु विद्यमान रहनु, औद्योगिकग्राम, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको विकासमा संघीय सरकारबाट प्रतिवद्धता व्यक्त हुनु, काष्ठ तथा गैरकाष्ठ वनपैदावारमा आधारित उद्योगको स्थापना तथा उत्पानको निर्यातको सम्भावना रहनु, भौतिक पूर्वाधारको विकासले यातायात तथा पारवहन लागत कम हुँदै जानुलाई यस सुदूरपश्चिम प्रदेशको अवसरको रुपमा लिन सकिन्छ ।

## ३. सोच

उद्योग व्यवसायको विकास र व्यवस्थापन मार्फत औद्योगिक वस्तु तथा सेवाको उत्पादनमा अभिवृद्धि गर्दै उत्पादन, रोजगारी र आयमा वृद्धि गर्ने (उद्योग तथा वाणिज्य)।

दिगो पर्यटन विकास मार्फत प्रर्देशको समृद्धि र पहिचानको अभिवृद्धि गर्ने (पर्यटन)।

## ४. उद्देश्य

१. महिला, दलित, गरिब र पिछडिएको समुदायको आय र रोजगारीको अभिवृद्धि गर्नु ।
२. उद्योगहरूको पूर्वाधार पूंजी सीप र दक्षता अभिवृद्धि गर्नु।
३. ब्यापार व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धात्मक र मर्यादित बनाउंदै लगानीमा प्रतिफलको सुनिश्चितता सहित उपभोक्ता लगानीकर्ता र व्यवसायीको हित प्रवर्द्धन गर्नु।
४. प्रदेश भित्रको सेवा तथा बस्तुको गुणस्तर कायम गर्दै आपूर्ति व्यवस्थालाई दिगो भरपर्दो र व्यवस्थित गर्नु।
५. पर्यटकीय क्षेत्र, पूर्वाधार र सेवाको समुचित विकास तथा पर्यटकीय उपजहरूको विविधीकरण र विस्तार गरी स्थानीय समुदायको जिविकोपार्जनमा टेवा पुऱ्याउनु।

## ५. रणनीति

१. लघु तथा घरेलु उद्योगमा आकर्षण बढाउन कच्चा पदार्थ, प्रविधि, व्यवसायिक सीप र बजार सूचनालाई सुदृढ गर्ने।
२. औद्योगिक करिडोर, उद्योगग्राम, औद्योगिक क्षेत्र र बिशेष आर्थिक क्षेत्रको स्थापना गर्न संघीय सरकारसंग सहकार्य गर्ने।
३. उद्योग, वाणिज्य र सेवा आपूर्ति गर्ने संघ संस्था र सामुदायिक समूहहरुको क्षमता अभिवृद्धि गर्ने।
४. उद्योग प्रशासन, वाणिज्य व्यापारको अनुगमन र आपूर्ति व्यवसायलाई सरकारको नियमित प्रशासनको महत्वपूर्ण पक्षको रूपमा विकास र सुदृढीकरण गर्ने।
५. प्रादेशिक वाणिज्य सम्बन्धी तथ्यांक र सूचना प्रणाली स्थापित गर्दै प्रादेशिक आयात निर्यातको व्यवस्थापनमा सुधार गर्ने।
६. स्थानीय कच्चा पदार्थमा आधारित निर्यातजन्य बस्तुको उत्पादनमा प्रोत्साहन दिने।
७. बिशेष समय र आपतकालीन आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउने।
८. उद्योग वाणिज्य र आपूर्ति क्षेत्रको प्रशासन व्यवस्थापन र सूचना प्रणालीलाई सुशासनयुक्त पारदर्शी र सहभागीतामूलक बनाउने।
९. बस्तु तथा सेवाको गुणस्तर मापन  प्रमाणीकरण र उपभोक्ता जागरणलाई अभियानका रूपमा संचालन गर्ने ।
१०. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुंच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूको विकास गर्ने।
११. पर्यटकीय पूर्वाधारको विकास, प्रवर्द्धन र संरक्षण गर्ने।
१२. पर्यटन आयको स्थानीयस्तरसम्म न्यायोचित वितरण सुनिश्चित गर्ने।

## ६. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (रु.हजारमा)

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्थ | प्रदेश सरकार | अनुदान | ऋण |
| २०७७/७८ | २७७४४०९ | १७६७४३१ | १०१३५७२ | - | २३७८२०९ | ३९६२०० | - |
| २०७८/७९ | २०९४७३९ | १८१८३७४ | २७६३६५ | - | २०९४७३९ | - | - |
| २०७९/८० | २१२९५०१ | १८७३९२१ | २५५५८० | - | २१२९५०१ | - | - |

## ७. जोखिम तथा अनुमान पक्ष

यस मन्त्रालयले प्रस्ताव गरेका कृयाकलापहरू/आयोजनाहरू कार्यान्वयन गर्ने तथा आशातित उपलब्धीहरू हासिल गर्ने सन्दर्भमा मन्त्रालयसंग सम्बन्धित प्रादेशिक ऐन, नियम तथा नीतिहरू समयमै बन्न नसकेमा र पर्याप्त मात्रामा बजेटको उपलब्धता हुन नसकेमा तथा कोभिड १९ को अवस्थाले जोखिम पक्ष बढ्ने देखिन्छ।

# परिच्छेद ४
# भूमि व्यवस्था, कृषि तथा सहकारी क्षेत्र

## १. पृष्ठभूमि

नेपालको १३.८ प्रतिशत भू-भाग ओगटेको सुदूरपश्चिम प्रदेशमा करिव २५ लाख जनसंख्या बसोबास गर्दै आएका छन्। यस प्रदेशमा ३५५०९८ हेक्टर खेती योग्य जमिन रहेको छ। खेती योग्य जमिन मध्ये ३२२०७७ हेक्टरमा मात्र खेती गरिएको छ। खेती गरिएको जमिन मध्ये १७४७३० हेक्टरमा मात्र सिंचाई सुविधा पुगेको छ। यस क्षेत्रको उच्च पहाडी जिल्लाहरुमा स्याउ, आलु, भटमास, मह आदिको उत्पादनले गति लिन थालेको छ। त्यसै गरी मध्य पहाडका जिल्लाहरुमा अमिलो जातका फलफूल, ओखर, अदुवा, ताजा तरकारी, तरकारी बीउ र मह उत्पादन व्यवसायिक रुपमा गर्ने तर्फ कृषकहरु आकृष्ठ हुन थालेका छन्। कैलाली र कन्चनपुर जिल्लाहरुमा मुसुरो, केरा, आलु, माछा, मह, परवल आदि उत्पादनहरुले केही मात्रामा व्यवसायिक रुप लिई सकेको अवस्था छ। व्यवसायिक कृषि तर्फ कृषकहरु आकर्षित भए पनि उत्पादकत्व भने न्यून नै रहेको छ।

नेपालको संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। प्राकृतिक तथा अन्य विपदका कारण उत्पन्न हुनसक्ने खाद्य सङ्कटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्नको उत्पादनमा आत्मनिर्भरताका लागि आवश्यक व्यवस्था गर्नुपर्ने छ। देशको भौगोलिक परिवेश अनुसार उपलब्ध कृषि शिक्षा, र अनुसन्धानबाट प्राप्त प्रविधि, आधुनिक कृषि औजार, उन्नत बिउबिजन र स्रोत- वसायिक बनाउनु आजको आवश्यकता होसाधन उपयोग गर्दै कृषि क्षेत्रलाई व्य। साथै, कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्नु र सरकारी, सहकारी र निजी क्षेत्र बीच साझेदारीको अवधारणा अङ्गीकार गर्दै कृषि पेशालाई उच्च सम्मानजनक बनाई आयआर्जन तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षालाई सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ।

## २. चुनौति तथा अवसर

कृषि तथा पशुजन्य वस्तुहरूको उत्पादन लागत कम गरी प्रतिस्प्रधात्मक क्षमता वृद्धि गर्दै कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक पेशाको रूपमा विकास गर्नु, परम्परागत सोच मूल्य मान्यतामा परिवर्तन ल्याइ उपेक्षित बन्दै गरेको कृषि तथा पशुपालन पेशालाई एक व्यवसायिक पेशामा रुपान्तरित गर्नु, जलवायू परिवर्तन अनुकुलन क्षमता वृद्धि गर्नु, स्थानीय खानेकुराको उपयोगमा आधारित खाद्य सुरक्षा प्रणाली स्थापित गर्नु, कृषि क्षेत्रमा भएको लगानीको प्रतिफल उच्च बनाउन कृषि ऋणको सहज उपलब्धता, कृषकहरूद्वारा कृषि प्रविधिको उपयोगमा वृद्धि र उत्पादित कृषिजन्य वस्तुहरूको लागि वजारको सुनिश्चितता कायम गर्नु र उत्पादनको गुणस्तर एवम् स्वच्छता सम्बन्धी नियमन कार्यलाई प्रभावकारी तुल्याउँदै स्वस्थकर कृषि उपज उपभोक्ता समक्ष पुऱ्याउनु यस क्षेत्रका चुनौतीहरू हुन।

विदेशबाट फर्किएका युवाहरू प्राविधिक ज्ञान, सीप, र पुँजी सहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, भौगोलिक सम्भाव्यताको उपयोग तर्फ किसानहरूको चासो बढ्नु, बढ्दो शहरीकरणका कारण कृषि उपजको बजार विस्तार हुँदै गरेकोले ठूला संस्थागत र अन्य निजी क्षेत्रहरूसमेतको व्यवसायिक कृषि क्षेत्रमा आकर्षित हुँदै जानु यस क्षेत्रका प्रमुख अवसर हुन्। पहाड र दुर्गम क्षेत्रमा समेत सडक संजालको विकास र विस्तार बढ्दै जाँदा कृषि उपजको बजार पहुँचमा वृद्धि हुनु, पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बिमा, नयाँ प्रविधिहरूको उपयोग र सिँचाइ सुविधाको विस्तार हुनु र देशको अन्य क्षेत्रमा नहुने सुख्खा फलफूल बालीहरुको उत्पादन सम्भाव्यता हुनु यस प्रदेशको कृषि क्षेत्रका थप अवसरहरू हुन्।

## ३. सोच

१. सुदूरपश्चिम प्रदेशमा खाद्य सम्प्रभुता, खाद्य र पोषण सुरक्षा प्रत्याभूति सहित ज्ञानमा आधारित व्यवसायिक कृषिको विकास (कृषि विकास)

२. स्वच्छ र गुणस्तरीय पशुपन्छीजन्य उत्पादनका माध्यमबाट खाद्य र पोषण सुधारको सुनिश्चता कायम गर्ने (पशुपन्छी विकास)

३. भूमिको वैज्ञानिक व्यवस्थापन र सामाजिक न्यायमा आधारित भूस्वामित्व (भूमि व्यवस्था)

४. सहकारी संघसंस्था मार्फत स्थानीय स्रोत, श्रम, सीप र पुँजीको अधिकतम परिचालन मार्फत समाजको आर्थिक— सामाजिक र सांस्कृतिक रूपान्तरण (सहकारी तथा गरिबी निवारण)

## ४. उद्देश्य

१. कृषि बस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गरि वितरण प्रणालीलाई सुदृढ गरी सुदूरपश्चिम प्रदेशमा खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता कायम गर्ने

२. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी सुदूरपश्चिम प्रदेशको कृषिलाई प्रतिस्पर्धी र व्यवसायिक बनाउने।

३. यस प्रदेशको पशुपालनलाई ज्ञान र प्रविधिमा आधारित बनाई पशुजन्य उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्ने।

४. पशुपन्छीपालनलाई ग्रामिण क्षेत्रको स्वरोजगारी र दीगो आय आर्जनको श्रोत बनाउने।

५. भूमि तथा भूमि स्रोतको न्यायोचित वितरण र विवेकशील प्रयोगको वातावरण सिर्जना गर्ने।

६. विकास निर्माणका लागि आवश्यक नापनक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउने।

७. सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी प्रदेशको दिगो र समतामूलक आर्थिक— सामाजिक विकासमा योगदान पुर्याउने

८. सहकारीको सिद्धान्त, मूल्य र मान्यताहरूको प्रवर्द्धन गर्दै सहकारी संस्थाहरुको परिचालन तथा व्यवस्थापनमा सुधार गरी सहकारी क्षेत्रमा सुशासन कायम गर्ने

## ५. रणनीति

### कृषि तथा पशुपन्छी विकास

- खेती योग्य जमिनमा व्यवसायिक कृषकहरुको पहुँच विस्तार गर्न करार खेती, चकलाबन्दी, समुदाय र सहकारी खेती प्रणालीलाई प्रोत्साहन गर्ने।

- भौगोलिक अवस्थितिले उपलब्ध गराएको अवसरलाई अधिकतम उपयोग गरि व्यवसायिक हुन सक्ने बालीहरुको खेतीलाई प्रवर्द्धन गर्ने।
- कृषि क्षेत्रको उत्पादकत्व बृद्धिका लागि आवश्यक तत्वहरु (पूर्वाधार, मल, बीउ सिचाई र प्रविधि) को समुचित व्यवस्था गर्ने।
- कृषि बजारको माग अनुसार कृषि उपजहरुको उत्पादन गर्न प्रोत्साहन गर्नुको साथै बजारको सुनिश्चितता गर्ने।
- व्यवसायिक पशुपालन सिकाइस्थल तयार गर्न सरकारी र निजी साझेदारीमा नमूना पशु फार्महरु संचालन गर्ने।
- पशुजन्य उत्पादनको लागत घटाउन पशुपालनमा यन्त्रीकरण गर्न अनुदान सहयोग प्रदान गर्ने।
- पशुजन्य उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि श्रोतको उपलब्धता अनुसार गाई भैसी बंगुर र वाख्राको कृत्रिम गर्भाधान तथा कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरि उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गर्ने।
- सघन मत्स्यपालन गरी मस्य उत्पादन बाट पोषण सुधार तथा स्वरोजगारमुलक कार्यकम संचालन गर्ने।

**भूमि व्यवस्था**

१. वैज्ञानिक भूमिसुधार कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र समन्वयात्मक तवरबाट सञ्चालन गरी आर्थिक–सामाजिक रूपले पछाडि परेका गरिब भूमिहीन वर्गको भूमिमा पहुँच बढाउने।

२. प्रादेशिक भूमि नीति, भू–उपयोग नीति तथा योजनाको आधारमा उपलब्ध भूमिको समुचित उपयोग गरी खाद्य सुरक्षा, सुरक्षित आवास तथा सहरीकरण, दिगो पूर्वाधार विकास र वातावरण संरक्षण तथा विपद् जोखिम संवेदनशीलता निश्चित गर्ने।

**सहकारी तथा गरिबी निवारण**

१. सहकारी संघसंस्थाहरुलाई बृहत कृषि उत्पादन क्षेत्र निमार्ण तथा कृषि बजार केन्द्रहरुको निर्माण तथा व्यवस्थापनमा संलग्न गराइनेछ।

२. सहकारी उद्योग व्यवसायलाई कृषिजन्य उत्पादन, भण्डारण, प्रशोधन र वजारीकरण गर्न सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

३. यस प्रदेश भित्रका सहकारी संघ संस्थाहरुले संचालन गर्ने सहकारी खेती, उद्योग, वितरण सेवा र सहकारी व्यवसायको विकास तथा प्रबर्द्धनका लागि आवश्यक भौतिक पूर्वाधार निर्माणमा सहयोग प्रदान गरिनेछ।

४. ग्रामिण क्षेत्रका सहकारीहरुलाई साना व्यवसायका योजना निर्माण तथा विकासका लागि व्यवसाय विज्ञहरुको सेवा उपलब्ध गराइने छ।

५. सहकारी संस्थाहरूको व्यवस्थापन र पुँजी परिचालनलाई प्रभावकारी बनाउन सहकारीका सदस्यहरुको क्षमता र दक्षता अभिवृद्धि लागि तालिमको व्यवस्था गरिनेछ।

६. ग्रामिण क्षेत्रको गरिबी निवारणको लागि संचालन गरिने कार्यक्रमहरु सहकारी संस्थाहरूसंगको साझेदारीमा संचालन गरिनेछ।

७. सहकारी संघसंस्थाहरुलाई उनीहरुको शेयर सदस्य संख्या, कार्य क्षेत्र र विषयगत क्षेत्र, वित्तीय अबस्था र कारोवारको अबस्थाको आधारमा वर्गिकरण गरी सहकारीहरु बीच मर्जर गराउने व्यवस्था गरिनेछ।

## ७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (रु.हजारमा)

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्थ | प्रदेश सरकार | अनुदान | ऋण |
| २०७७/७८ | ३३३३१३२ | २८२६०५६ | ४७१०७६ | - | २८२८६३२ | ५०४५०० | - |
| २०७८/७९ | ४४३५२८ | २६६१६३ | १७७३६५ | - | ४२३५२८ | २०००० | - |
| २०७९/८० | ३७९१३० | २५७५२५ | १२१६०५ | - | ३६९१३० | १०००० | - |

## ८. जोखिम तथा अनुमान पक्ष

नीति तथा कानुनी व्यवस्था, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको अर्थपूर्ण सहभागिता, आवश्यक कर्मचारी व्यवस्था, संघ र स्थानीय तहबीचको समन्वय, बहुक्षेत्रको सामुहिक सहभागति, कृषिमा युवाको आकर्षण भएको  हुनेछ। उल्लेखित व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिएको छ।

# परिच्छेद ५
# सामाजिक विकास क्षेत्र

## १. पृष्ठभूमि

प्रादेशिक स्तरमा नेपालको संविधानको सफल कार्यान्वयन तथा दिगो विकासका लक्ष्यहरू हासिल गर्ने सन्दर्भमा शिक्षा, स्वास्थ्य, महिला विकास, युवा खेलकुद, श्रम तथा रोजगार जस्ता सामाजिक क्षेत्रका विषयहरू महत्वपूर्ण पक्षको रुपमा रहेका छन ।

नेपालको संविधानले प्रत्याभूत गरेका शिक्षा सम्बन्धि मौलिक हकहरूको सुनिश्चितता गर्न र सवै नागरिकहरूलाई शिक्षाको अवसर उपलब्ध गराउन राज्यको दायित्व रहेको छ। दिगो विकासका लक्ष्यहरू हासिल गर्न संघीय सरकारले लिएका नीति अनुरुप प्रादेशिक स्तरमा शिक्षा, विज्ञान र प्रविधिको उचित विकास गर्नु पर्ने आवश्यकता रहेको छ। विद्यालय शिक्षामा पहुँच र समताको क्षेत्रमा भएको प्रगतिलाई दिगो रूपमा निरन्तरता दिई गुणस्तर र शैक्षिक सुशासन अभिवृद्धि गर्न आवश्यक रहेको छ। बढदो वेरोजगारीको समस्यालाई समाधान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच र गुणस्तरमा वृद्धि गर्न जरूरी देखिएको छ। त्यस्तै उच्च शिक्षालाई अनुसन्धानमूलक र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी वनाई यसको विस्तार र गुणस्तर अभिवृद्धि गर्न आवश्यक देखिएको छ।

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्नुका साथै स्वास्थ्यलाई संघ, प्रदेश तथा स्थानीय तहको क्षेत्राधिकारभित्र राखेको छ ।त्यस्तै गरी, तथ्याङ्क व्यवस्थापनलाई संघ, प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रभित्र राखेको हुनाले जनसंख्यासम्बन्धी विषयसमेत तीन वटै तहअन्तर्गत पर्ने देखिन्छ । जन्मदाको अपेक्षित आयु वर्ष क्रमशः बढ्ने क्रममा रहेको हुँदा जनसंख्या व्यवस्थापनको क्षेत्रमा केही प्रगति भएको छ । जनसंख्या विकासको आधार तथा प्रयोगकर्ता भएको र जनसंख्या विषय विकासको अन्तरसम्बन्धित विषय भएको हुनाले विश्वव्यापी दिगो विकासका सबै लक्ष्यहरू प्रत्यक्ष एवम् परोक्ष रूपमा जनसंख्यासँग सम्बन्धित रहेका छन् । राष्ट्रिय स्वास्थ्य नीति, रणनीति तथा स्वास्थ्य बीमा ऐनअनुसार सबै क्षेत्र, वर्ग तथा समुदायका नागरिकलाई भरपर्दो तथा दिगो वित्तीय व्यवस्थापनमार्फत् गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा ल्याउनु आवश्यक छ । स्वास्थ्य बीमा कार्यक्रमलाई प्रदेशभर कार्यान्वयन गरिने छ ।सेवा प्रवाहमा विषयगत क्षेत्र तथा अन्य बहुसरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्य समेत गर्नुपर्ने देखिन्छ । सेवा प्रवाहको समग्र विषयलाई प्रभावकारी रूपमा नियमन गर्नु अपरिहार्य छ । स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूलाई विद्यमान संवैधानिक व्यवस्थानुसार संघ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक नीतिगत व्यवस्थासमेतका आधारमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन युनिर्भसल हेल्थ कभरेजको अवधारणालाई कार्यान्वयन गरिएको छ ।जनसंख्याका कार्यक्रमहरू राष्ट्रिय जनसंख्या नीति, जनसंख्यासम्बन्धी दीर्घकालीन योजना तथा थप नीतिगत व्यवस्थामार्फत संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरी दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग पुग्नेगरी कार्यान्वयन गरिनेछ । नेपाल सरकार, वाह्य विकास साझेदार, गैर सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा प्रवाहमा भइरहेको प्रयासबाट आम जनताको पहुँच र स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि भई स्वास्थ्यसम्बन्धी सूचकहरूमा उल्लेखनीय प्रगति भएको छ ।

युवा राष्ट्रिय परिवर्तनको संवाहक हुन् । देश निर्माणका लागि आगामी दिनमा युवाको भूमिका अझ बढ्दै जाने कुरा निश्चित छ । युवाशक्ति राष्ट्रशक्ति हो । युवाशक्ति युगशक्ति हो । युवाशक्ति समयशक्ति हो । कर्मशील युवा कुनै पनि राष्ट्रको भाग्यनिर्माता हुन्छ । उद्यमशील युवा नै उज्ज्वल भविष्यको आधारस्तभ हो । तर त्यसका लागि युवाहरू मानसिक, शारीरिक, संवेगात्मक र सामाजिक विकास भएको हुनु पर्दछ । तव मात्र युवाहरुले समाजका लागि आवश्यक सेवा गर्न सक्छन् । युवाहरुलाई चलायमान वनाउन आधार नै खेलकुद हो । त्यसैले खेलकुदप्रति सकारात्मक चिन्तन प्रवाह गराउन सक्नु पर्दछ अनि मात्र उसमा शारीरिक तथा मानसिक तन्दुरुस्ती हुनेछ जसले देश निमार्णमा अहम् योगदान दिन सक्छ । युवामा राष्ट्र, राष्ट्रियता र जनताप्रतिको बफादारी, युवाका आधारभूत आवश्यकताहरूको परिपूर्ति, समानता एवं समतामूलक वितरणको सिद्धान्त, संवैधानिक सर्वोच्चता, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्य मान्यता, विश्वशान्ति, सह-अस्तित्व, जाति, भाषा, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संवर्द्धन जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रवर्द्धन गर्नु आजको आवश्यकता देखिन्छ ।

नेपालको संविधानले महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने लगायतका मौलिक हकको प्रत्याभूति गरेको छ । यसैगरी समावेशिताको आधारमा राज्यका विभिन्न अङ्गहरूमा प्रतिनिधित्व गराउने व्यवस्था अनुरूप यस सुदुरपश्चिम प्रदेशको प्रदेश सभा संसदमा ३५.८ प्रतिशत, प्रदेश मन्त्रीपरिषदमा २८.६ प्रतिशत महिलाको प्रतिनिधित्व भएको छ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा नियमावली, २०६७ जारी भएपछि महिलामाथि हुने हिंसाको अन्त्यका लागि प्रभावकारी कानुनी आधार तयार भएको छ । लैङ्गिक हिंसामा परेकाहरूका लागि तत्काल उद्धार, औषधि उपचार, कानुनी सहायता तथा पुनस्थापनाका कार्यहरू भैरहेका छन् भने सुदुरपश्चिम प्रदेशमा मानव बेचविखन तथा लैंगिक हिंसामा परेका महिलाहरुका लागि दिर्घकालिन पुनर्स्थापना केन्द्र संचालनमा ल्याउने कार्यक्रम रहेको छ ।नेपालको संविधानमा बालबालिकाको हक सम्बन्धी भएका व्यवस्था, नेपालद्वारा बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९ को अनुमोदन र अन्य बाल अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र इच्छाधीन आलेखहरूमा गरेको प्रतिबद्धता अनुसारका बाल संरक्षण र बालविकास सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिएका छन् ।ज्येष्ठ नागरिकहरूको लागि संविधानले प्रत्याभूत गरेको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक कार्यान्वयन गर्न यस प्रदेशमा कार्यक्रमहरु अगाडी बढाइने छन् । यस प्रदेशमा ७.६ प्रतिशत ज्येष्ठ नागरिक रहेका छन् । नेपाल सरकारले ज्येष्ठ नागरिकहरूलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । ज्येष्ठ नागरिकहरुको मानवअधिकारको संरक्षणका लागि यस प्रदेशमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र लाई सुदृढीकरण गरिनेछ ।यस प्रदेशको जनसङ्ख्याको ३.०५ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन् । मन्त्रालयमा अपाङ्गता सहायता कक्ष संचालनमा आएको तथा अपाङ्गता सहायक सामग्री वितरणको व्यवस्था भएको छ ।

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ ।गुणस्तरीय मानव संसाधनको विकास मार्फत श्रमको उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशिल साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ । गरिबी निवारण र आर्थिक विकासका लागि बजारको माग अनुसारको सीपमूलक मानव संसाधनको विकास गर्नु आजको आवश्यकता हो ।उत्पादनमूलक रोजगारी सिर्जना गरी मुलुकमा उपलब्ध युवा श्रमशक्तिको उपयोग मार्फत कृषि क्षेत्रमा विद्यमान अधिक अनुत्पादक श्रमशक्तिलाई विभिन्न सेवा क्षेत्रमा स्थानान्तरण गर्न सकेमा अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा योगदान हुन सक्छ । नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रमबजारमा प्रवेश गर्दछन् ।आन्तरिक श्रम बजारको प्रशोचन क्षमता कमजोर भएकोले विभिन्न उत्पादनमूलक, सीपमूलक तथा व्यसायजन्य तालिम संचालन गरी बजारको आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्न सके गरिबी निवारण र मानव विकासको पाटो सकारात्मक हुने देखिन्छ ।

## २. सोच

- प्रदेशको सामाजिक र आर्थिक रुपान्तरणको लागि मानवसंसाधनको विकास गर्ने ।(शिक्षा)
- गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँचमार्फत् स्वस्थ सबल नागरिक विकास । ।(स्वास्थ्य)
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुको अधिकारको संरक्षण गरी समतामूलक समाज निर्माण गर्ने ।(महिला तथा वालवालिका)
- यस प्रदेशका सबै नागरिकलाई मर्यादित र उत्पादनशिल रोजगारीका अवसरको उपलब्धता गराउने । (श्रम तथा रोजगार)
- युवाहरुलाई खेलकुदको माध्यमबाट स्वस्थ, अनुशासित र सिर्जनशील बनाई प्रदेशको विकासमा सहभागिता (युवा तथा खेलकुद)

## ३. उद्देश्य

### शिक्षा

- समतामूलक पहुँच अभिवृद्धि सहित गुणस्तरीय र सर्वसुलभ शिक्षाको व्यवस्था गर्नु ।
- प्राविधि शिक्षा तथा व्यावसायिक तालिमको विस्तार एंव गुणस्तर सुधार गरी बजारको माग अनुसारको दक्ष जनशक्तिको विकास गर्नु।
- उच्च शिक्षालाई वैज्ञानिक एवं अनुसन्धान केन्दित वनाई प्रदेशको समग्र विकासमा सघाउ पुऱ्याउने जनशक्ति उत्पादन गर्नु ।

### स्वास्थ्य

- सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।
- स्वस्थ जनशक्ति तयार गर्ने, रोग प्रतिरोधात्मक क्षमता बढाउने, गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।
- जनसंख्या, विकास र वातावरणबीच तादात्म्यता कायम गरी जनसंख्यालाई समग्र विकासको अभिन्न अंगको रूपमा व्यवस्थापन गर्नु ।
- आन्तरिक बसाइँसराइको व्यवस्थापन गर्दै शहरीकरणलाई व्यवस्थित गर्नु ।

### महिला, बालबालिका, अपांगता तथा जेष्ठ नागरिक

- बालबालिकाको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने ।
- बालबालिका माथि हुने सबै प्रकारका भेदभाव, शोषण हिंसा, उपेक्षा तथा दुर्व्यवहारको अन्त्य गर्ने ।
- सबै वर्ग र क्षेत्रका महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि लैङ्गिक भूमिकालाई सशक्त बनाउने ।
- महिला भएकै कारणबाट हुने लैङ्गिकतामा आधारित हिंसा एवं विभेद र बहिष्करणको अन्त्य गर्ने ।

- ज्येष्ठ नागरिकहरूको सहज जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गनु विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकलाई लक्षित गरी पुनस्र्थापना कार्यक्रम सञ्चालन गर्ने ।

- ज्येष्ठ नागरिकप्रति परिवार,समुदाय र राज्यको दायित्वबोध गराउने ।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि प्रदेशबाट प्रवाहित हुने सेवामा पहुँच अभिवृद्धि गराउने ।

**श्रम तथा रोजगार**

- प्रदेशभर उत्पादनशील र मर्यादित रोजगारीका अवसर सिर्जना र विस्तार गर्नु,
- असल श्रम सम्बन्धको विकास गर्नु,
- सबै प्रकारका श्रम शोषणको अन्त्य गर्नु,
- व्यवसायिक तथा सीपमूलक तालिम मार्फत स्वरोजगारीका अवसर विस्तार गर्नु ।

**युवा तथा खेलकूद**

- युवाको सीप तथा  क्षमतालाई प्रस्फुटित पार्दै विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु ।
- युवालाई प्रदेश निर्माणको सम्वाहक बनाउनु ।
- प्रदेश भित्र खेल पूर्वाधारको विकास गर्नु ।
- खेलाडी र खेल प्रतियोगितालाई गुणात्मक बनाउनु ।
- खेललाई जीवनको एक अभिन्न पक्षको रुपमा विकास गर्नु ।

- युवाको सीप तथा  क्षमतालाई प्रस्फुटित पार्दै विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु ।
- युवालाई प्रदेश निर्माणको सम्वाहक बनाउनु ।
- प्रदेश भित्र खेल पूर्वाधारको विकास गर्नु ।
- खेलाडी र खेल प्रतियोगितालाई गुणात्मक बनाउनु ।
- खेललाई जीवनको एक अभिन्न पक्षको रुपमा विकास गर्नु ।


## ४. रणनीति

**शिक्षा**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यामिक शिक्षालाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।
- रोजगारी तथा उद्यमशीलता विकास गर्न प्राविधिक तथा व्यावसायिक शिक्षालाई समसामयिक सुधार एवं विस्तार गर्ने ।
- आर्थिक, सामाजिक तथा अन्य कारणले पछाडी परेका वर्ग र समुदायका वालवालिकाका लागि पहुँच सुनिश्चत गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको शिक्षाको हरेक तहमा पहुँच सुनिश्चित गर्ने ।
- शैक्षिक व्यवस्थापनलाई प्रभावकारी एवम् जिम्मेवारीपूर्ण वनाउने ।

- उच्च शिक्षामा पहुँच वृद्धि र गुणस्तर सुधारका कार्यक्रमहरू मार्फत दक्ष, सीपयुक्त, अनुसन्धानमूलक र प्रतिष्पर्धी जनशक्ति उत्पादन गर्ने पद्धतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**स्वास्थ्य**

- निःशुल्क आधारभूत स्वास्थ्य र सुरक्षित मातृत्व एवं प्रसूति सेवालाई अभियानका रूपमा देशका सबै क्षेत्र र तहमा पुर्याइनेछ । र साथै आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचको लागि आधारभूत स्वास्थ्य केन्द्र,प्रसुती केन्द्र र अन्य प्रकारका स्वास्थ्य संस्था स्थापना र निर्माण गरिनेछ ।
- स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधिको संख्या क्रमशः वृद्धि गर्नुका साथै वितरण प्रणालीलाई सुदृढ गरिनेछ ।
- विशेष सेवा सहितको मोबाइल क्याम्प, आउटरिच क्लिनिक, टेलिमेडिसिन जस्ता सेवाहरूलाई विस्तार गरी प्रभावकारी बनाइनेछ ।
- औषधिको गुणस्तर परीक्षण गर्न संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
- जवाफदेही प्रणालीको माध्यमबाट दुर्गम र पिछडिएका क्षेत्रमा स्वास्थ्यकर्मीहरूको नियमित सेवा सुनिश्चित गर्न विशेष प्रोत्साहन गरिनेछ ।
- स्वास्थ्य क्षेत्रका जनशक्ति र महिला स्वास्थ्य स्वयंसेवकको क्षमता विकास र स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको स्तर अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य, सामाजिक सुरक्षा, स्वास्थ्य बीमा, ग्रामीण तथा शहरी स्वास्थ्यको प्रवद्र्धन तथा विस्तार गरी स्वास्थ्य सेवालाई समावेशी र समन्यायिक बनाइनेछ ।
- सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच बढाउन बर्तमान नियम कानुन र नीतिमा सुधार गरिनेछ ।
- स्वास्थ्यका नयाँ बन्ने संरचना अपांग र किशोरी मैत्री बनाइने र भैरहेका संरचनाहरू क्रमिक रूपमा सुधार गरिनेछ । १०. स्वास्थ्य क्षेत्र व्यवस्थापन, गुणस्तरीय सेवा, विकेन्द्रित व्यवस्थापन, सुशासन एवं जवाफदेहिता अभिवृद्धि गरिनेछ ।
- जनसंख्या, विरामीको चाप तथा भौगोलिक अवस्थितिको आधारमा आवश्यक स्रोतसाधन सहित स्वास्थ्य संस्थाको स्थापना र स्तरोन्नति गरिनेछ ।
- मानव संशाधन, भौतिक संरचना, स्वास्थ्य संस्थाको क्षमता विकास एवं औषधि र उपकरण स्वास्थ्य संस्थाको स्तर अनुसार पुनरवलोकन गरी आवश्यकतानुसार थप व्यवस्थापन गरिनेछ ।
- गुणस्तरीय, प्रभावकारी र सेवाग्राही मैत्री स्वास्थ्य सेवा प्रदान गर्नको लागि सबै किसिमका स्वास्थ्य सेवामा संलग्न स्वास्थ्यकर्मीलाई क्रमबद्ध रूपमा कार्यमूलक तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- प्रतिरोधात्मक, उपचारात्मक, प्रवद्र्धनात्मक र पुनस्थापनामूलक सेवाहरूलाई प्राथमिक स्वास्थ्य सेवाको रूपमा सञ्चालन गरिनेछ ।
- वैकल्पिक चिकित्साको विकास एवं औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य नियन्त्रण तथा बिक्री वितरण र औषधि वा औषधि उत्पादनमा लागूपदार्थहरूको अनुचित प्रयोग वा दुरूपयोग

हुन नदिई असुरक्षित तथा न्यून गुणस्तरका औषधिको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी, सञ्चय र सेवन प्रक्रिया व्यवस्थित गरिनेछ ।

- आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा ध्यान, होमियोप्याथी, युनानी, अकुपञ्चर र आम्ची सेवाको एकीकृत विकास एवं विस्तार गरी सर्वसुलभ बनाइनेछ ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन र अनुगमन गरिनेछ ।
- दुर्घटनालाई दृष्टिगत गर्दै मुख्य लोकमार्ग नजिक रहेका स्वास्थ्य संस्थाहरूको आपत्कालीन सेवाको क्षमतामा वृद्धि गरिनेछ ।
- स्वास्थ्यसम्बन्धी प्रवद्र्धनात्मक र प्रतिरोधात्मक कार्यक्रमहरूलाई विद्यालयहरूमा समेत विस्तार गरिनेछ ।
- जडीबुटी खेतीलाई प्रोत्साहन गरी यसको प्रयोग, औषधि उत्पादन र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- दुर्गम तथा पिछडिएका क्षेत्रमा स्वास्थ्यकर्मीहरूको नियमित सेवा सुनिश्चित गर्न विशेष प्रोत्साहन गरिनेछ ।
- निजी तथा सामुदायिक अस्पताल सञ्चालनसम्बन्धी निश्चित मापदण्ड लागू गरिनेछ ।
- स्वास्थ्यसम्बन्धी प्रवद्र्धनात्मक र प्रतिरोधात्मक कार्यक्रमहरूलाई समुदाय तथा विद्यालयहरूसम्म विस्तार गर्न एवं स्वास्थ्य सूचना प्रवाह गर्न र स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन सार्वजनिक, निजी, गैरसरकारी, सामुदायिक क्षेत्र, युवा, धामीझाक्री, पण्डित तथा नागरिक समाजसंगको सहकार्य प्रभावकारी गरिनेछ ।
- वाह्य विकास साझेदारसंग समन्वय गरी वैदेशिक सहयोगको प्रभावकारिता वृद्धि गरिनेछ ।
- विशेषज्ञ सेवा नपुगेका स्थानमा मेडिकल कलेजसँग समन्वय गरी यस्ता सेवा पहुँचमा वृद्धि गरिनेछ ।
- स्वास्थ्य र पोषणसम्बन्धी उपलब्ध सेवाहरूबारे समुदायसम्म स्पष्ट सूचना प्रवाह गरिनेछ ।
- यौनिक एवं प्रजनन् स्वास्थ्य, एच.आई.भी./एड्स, धुमपान, खानेपानी, मद्यपान र लागू औषध एवं क्यान्सर, हृदय रोग, मृगौला, मानसिक स्वास्थ्य, अपांगता, सुस्त श्रवण, मुख एवं आँखा स्वास्थ्य जस्ता सर्ने र नसर्ने रोगसम्बन्धी व्यापक सचेतना र परामर्श कार्यहरू गरिनेछ ।

**महिला, बालबालिका, अपांगता तथा जेष्ठ नागरिक**

- अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगारी, उद्यमशीलता तथा स्वरोजगारका अवसर प्राप्त हुने वातावरण सिर्जना गर्ने ।
- प्रदेशका संरचनाहरु अपाङ्ग मैत्री बनाउने
- अपाङ्गता भएका व्यक्तिको लागि प्रदेश भित्रै पुनस्थापना केन्द्र सञ्चालन गर्ने ।
- ज्येष्ठ नागरिकप्रति हुने हिंसा तथा दुव्र्यवहार हटाई उनीहरूको अधिकारको संरक्षण गर्ने ।
- विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकलाई लक्षित गरी प्रदेशस्तरमा जेष्ठ नागरिक ग्राम संचालन गर्ने ।
- लैङ्गिक मूलप्रवाहीकरणलाई सुदृढ गर्दै शासन प्रणालीको प्रत्येक चरण र विकास प्रक्रियाको सबै चक्रमा महिलाहरूको उल्लेखनीय र सार्थक सहभागिता अभिवृद्धि गर्ने ।

- ग्रामीण क्षेत्रका महिलाहरूको क्षमता अभिवृद्धि एवं जीवनस्तर सुधारका लागि लक्षित संरक्षणात्मक, सेवामूलक तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- महिलाविरुद्ध हुने सबै किसिमका हिंसा, विभेद र बहिष्करण अन्त्यका लागि निरोधात्मक, उपचारात्मक संक्षणात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- बालबालिकाको शारिरीक मानसिक तथा बौद्धिक विकासमा जोड दिने ।
- "सानै छु म बढ्न देउ, बालविवाह हैन पढ्न देउ" अभियान संचालन गर्ने ।
- सबै प्रकारको बालश्रम निषेध तथा न्युनिकरण गर्ने ।
- अनाथ, असाह्य र सडक बालबालिकालाई उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने र यस्ता बालबालिकाहरुको शैक्षिक पहुँच स्थापना गर्न प्रदेशका प्रत्येक जिल्लामा एक-एक वटा आवसिय सुविधा सहितको विद्यालय संचालन गर्ने ।
- महिला, बालबालिका, जेष्ठनागरिक तथा अपांगता सम्बन्धीका सुचना तथा तथ्याँकहरुलाई व्यवस्थित गर्न सामाजिक सुचना व्यवस्थापन प्रणाली (SIMS) संचालन गर्ने ।

**श्रम तथा रोजगार**

- श्रम तथा रोजगार सम्बन्धी कानुन बनाउने,
- प्रदेशभर रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूत गर्ने,
- आवश्यकताका आधारमा तालिम र सीप विकासद्धारा श्रमिकको दक्षता अभिवृद्धि गर्ने,
- रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा संघ र स्थानिय सरकारसँग प्रभावकारी समन्वय गर्ने,
- मागमा आधारित सिपमूलक तालिम कार्यक्रम संचालन गरी स्वरोजगारीका अवसरहरुको सिर्जना र विस्तार गर्ने ।

**युवा तथा खेलकूद**

- प्रदेशको नीति निर्णयमा युवा सहभागिता बढाउने ।
- युवालाई दक्ष सीपयुक्त उद्यमशील र आत्मनिर्भर बनाउने ।
- युवालाई प्रदेशको स्वयम् सेवकको रुपमा परिचालन गर्ने ।
- खेलकूदको माध्यमबाट सामाजिक क्रियाकलापमा युवाहरुको सहभागिता बढाउने ।
- खेलकूदमा निजी क्षेत्रको संलग्नता बढाई खेलकुद पूर्वाधार र खेलको विकास गर्ने ।
- खेलाडीहरुलाई अन्तराष्ट्रिय स्तरका गुणात्मक प्रशिक्षण प्रदान गर्दै प्रतियोगिताहरुमा सहभागिता बढाउने ।
- सुदूरपश्चिम प्रदेशलाई खेल पर्यटनको गन्तव्यको रुपमा विकास गर्ने ।

### ७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (रु.हजारमा)

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्थ | प्रदेश सरकार | अनुदान | ऋण |
| २०७७/७८ | ६५६३९४८ | ४७५८६८१ | १८६७९८२ | - | ४१६३१०५ | २३९०८४३ | - |
| २०७८/७९ | २५५१२६४ | १८६०७६५ | २९०४९९ | - | १८५२९६८ | २९८२९६ | - |
| २०७९/८० | २३७४०४४ | १९८३०५७ | ३९१९८७ | - | १८४६५२९ | ५२७५१५ | - |

### ८. जोखिम तथा अनुमान पक्ष

नीति तथा कानुनी व्यवस्था, कार्यक्रम कार्यान्वयन गर्न पर्याप्त जनशक्तिको व्यवस्था, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता, संघ र स्थानीय तहबीचको समन्वय रहेको हुनेछ। उल्लेखित व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिएको छ।

# परिच्छेद ६
# पूर्वाधार क्षेत्र

## १. पृष्ठभूमि

भौतिक पूर्वाधार क्षेत्र अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेकोछ । प्रदेश भित्रका र बिभिन्न स्थानीय तहहरुको बिचको अन्तरसम्बन्धमा केन्द्रित हुने प्रादेशिक जलविद्युत तथा उर्जा, प्रादेशिक सडक सञ्जाल विस्तार, खानेपानी, सिंचाइ, आवास तथा शहरी विकास, जल उत्पन्न प्रकोप व्यवस्थापन जस्ता पूर्वाधारहरुको निर्माण गर्नुका साथै सुविधा सम्पन्न प्रादेशिक प्रशासनिक संरचनाहरु स्थापना गर्नुपर्ने आवश्यकता रहेको छ । यसको लागि प्रादेशिक पूर्वाधारमा ठुलो मात्रामा लगानी गरी योजनाबद्ध ढंगले कार्य गर्नु आवश्यक छ । साथै लगानीको उचित व्यवस्थापन गरी उच्चतम उपलब्धिको सुनिश्चितता गर्दै स्थानीय तहको केन्द्रलाई आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्न प्रदेश राजधानीसँग जोडने, प्रदेशका सवै गाउँ बस्तिमा खानेपानी र बिजुली सुविधा उपलब्ध गराउने, कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुर्याउने, अत्याधुनिक भवन, खेल मैदान निर्माण गर्नु, बहुपहिचान संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न समुदायसँगको सहकार्यमा बहु सांस्कृतिक गाउँ निर्माण गर्नु आदिमा केन्द्रित हुदै आर्थिक गतिविधि र रोजगार वृद्धि गर्नु उत्तिकै आवश्यक देखिन्छ ।

प्रदेशले प्रदान गर्ने सेवालाई मजबुत बनाउन, प्रादेशिक योजना र प्रशासनिक संरचनाका पूर्वाधारलाई व्यवस्थापन गर्दै नागरिकको प्रत्यक्ष र निर्णायक सहभागिताबाट बिकास कार्यक्रमको छनोट एवम् संचालन गर्न तथा त्यसबाट प्राप्त उपलब्धिबाट आर्थिक सामाजिक रुपान्तरण गर्ने अवस्था सृजना गर्न साधन स्रोत र प्रयत्नको संयोजित प्रबन्ध गर्नु पनि उत्तिकै आवश्यक छ ।पूर्वाधार विकास आयोजनानिर्माण समयमै सम्पन्न गरी प्रक्षेपित गुणस्तरीय प्रतिफल दिने सुनिश्चित गर्न प्रभावकारी अनुगमन तथा मुल्यांकन प्रणलीको थालनी आवश्यक देखिन्छ ।

## २. चुनौती तथा अवसर

वित्तिय श्रोतको व्यवस्थापन प्रभावकारी बनाई पूर्वाधार विकासको बढ्दो माग र आवश्यकतालाई व्यवस्थापन गर्नु, पूर्वाधारका कार्यक्रमलाई गुरुयोजना मार्फत प्राथमिकतामा राखी कार्यान्वयनमा लैजानु, आयोजना निर्माणलाई गुणस्तरीय बनाउनु, विभिन्न आयोजनाहरुलाई विभिन्न निकायबीच समन्वय गरी समयमानै सम्पन्न गर्न सक्नु, निर्मित भएका संरचनाहरुको मर्मत सम्भार र सम्पत्ति सुरक्षाका लागि श्रोत साधनको प्रयाप्त व्यवस्था गर्नु, छरिएर रहेका बस्तीहरुमा सडक विस्तार गर्नु, निजि क्षेत्रको क्षमता, सम्भावना तथा लगानी आकर्षण गर्नु, सवारी साधनको वृद्धिसँगै यसको उचित व्यवस्थापन गर्नु, बढ्दो सवारी दुर्घटनालाई न्यूनीकरण गर्दै सडक सुरक्षा कायम गर्नु राष्ट्रिय भवन सहिताको पालन गरी सवै किसिमका भवन सुरक्षित तवरले निर्माण गर्नु, अव्यवस्थित शहरीकरण भएको स्थानमा आधारभूत सेवा पुर्याउनु प्रमुख चुनौती रहेका छन् ।

नयाँ राजनैतिक विकासक्रम र राज्य पुनसंरचनाको विद्यमान माहौलले आमजनतामा उमङ्ग, आशा र उत्साह, अभिवृद्धि गर्नु, राज्यको केन्द्रिकृत अधिकार विकेन्द्रित भई नयाँ केन्द्रहरुलाई व्यवस्थित शहरीकरण, योजनाबद्ध बस्ती विकास, पूर्वाधार विकास, विकास र सेवा प्रवाहका अवसरमा बढोत्तरी हुनु, समावेशी, सन्तुलित एवम् अधिकारमा आधारित न्यायोचित विकासको प्रारम्भ गर्नु, लगानीमा प्रशस्त अवसर रहनु, वैदेशिक लागानीको लागि प्रयाप्त सम्भावना रहनु, निजी क्षेत्रको लगानी बढ्दै जानु महत्वपूर्ण अवसरका रुपमा रहेका छन् ।

## ३. सोच

नविनतम प्रविधिको उच्चतम प्रयोगबाट पूर्वाधार विकास गरी प्रदेशको दिगो विकास र समृद्धि ।

## ४. उद्देश्य

१. जलविद्युत सेवाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रको सहज पहुँच सुनिश्चित गर्नु ।
२. बाढी पहिरो जस्ता जलउत्पन्न प्रकोपहरु हुनु अगावै रोकथाम गर्नु र यस्ता जोखिमबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्नु ।
३. प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवा प्रवाह सुनिश्चत गर्नु ।
४. प्रदेशस्तरीय र स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानीसँग जोड्दै व्यापारिक अन्तरसम्बन्ध विस्तार गर्नु ।
५. सबै घरधुरीलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु ।
६. प्रकोप प्रतिरोधी व्यवस्थित बस्ती विकास गरी सबैका लागि सक्षम, सुरक्षित र वातावरण मैत्री आवासको प्रवर्द्धन गर्नु ।
७.

## ५. रणनीति

**उर्जा**

१. जलविद्युतका साना तथा मझौला योजनाहरुको विकास प्रदेश स्तरबटै गर्ने ।
२. जलविद्युतमा सार्वजनिक–निजी, साझेदारीमा लगानी वृद्धि गरी विद्युत उत्पादन गर्दै प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने ।
३. विद्युत नपुगेका दुर्गम विकट बस्तिहरुमा घरायसी प्रयोजनका सोलर प्रणालीबाट आधारभूत विद्युत सेवा उपलब्ध गराउने ।
४. सम्भाव्य देखिएका स्थानहरुमा सौर्य उर्जा उत्पादन केन्द्र स्थापना गरी विद्युत उत्पादन गर्ने र मिनिग्रिड मार्फत विद्युत सेवा विस्तार गर्ने ।
५. जलबिधुत क्षेत्रको संस्थागत संरचनाको स्थापना, विकास तथा सुदृढिकरन गर्ने ।
६. लघु जलबिधुत योजनाहरुको मर्मत सम्भारका लागि स्थानीय तहसंग सहकार्य गर्ने।

**सिंचाइ तथा जलउत्पन्न प्रकोप**

१. सतह सिँचाइका अतिरिक्त प्राविधिक एवम् आर्थिक दृष्टिकोणले सम्भाव्य देखिएका क्षेत्रमा उपयुक्त नयाँ प्रविधिमा आधारित सिंचाइको विकास गर्दै उच्च क्षमतामा बाह्रै महिना सिंचाई सेवा उपलब्ध गराउने ।
२. उपयुक्त कृषि क्षेत्रमा भूमिगत जलश्रोतको समुचित उपयोग गरी सिँचाइ क्षेत्र विस्तार गर्ने ।
३. जलश्रोतको बहुउपयोग हुने आयोजनालाई प्राथमिकता दिई कार्यान्वयन गर्ने ।
४. नदी नियन्त्रण तथा तटबन्धबाट जग्गा उकास हुने आयोजनालाई प्राथमिकताकासाथ कार्यान्वयन गर्ने ।
५. प्रकोप नियन्त्रणको लागि प्रभावकारी उपयुक्त प्रविधिको पहिचान ,विकास र विस्तार गर्ने ।
६. प्रकोप पूर्व तयारीलाई योजना तर्जुमा प्रकृयाको मूल प्रवाहमा ल्याउने ।
७. जल उत्पन्न प्रकोपबाट सृजित हानि नोक्सानिलाई कम गर्न जनसभागीतामा उपयुक्त प्रबिधि अबलम्बन गर्ने ।

## सडक

१. कृषि, उद्योग, व्यपार, जलविद्युत, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउन योगदान पुर्याउने गरी सडक यातायात सुविधा विस्तार गर्ने ।
२. प्रदेश भित्र क्षेत्रीय सन्तुलन हुने गरि प्रादेशिक यातायात गुरु योजना तयार गरि लागु गर्ने ।
३. सडक निर्माण आयोजनामा प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्यांकन अनिवार्य गराउने।
४. सडक आयोजनाको तयारी/डिजाइन चरण, निर्माण चरण र निर्माण पश्चात् संचालन चरणमा सडक सुरक्षा परीक्षण (Road Safety Audit) गर्ने गराउने।
५. ठूला तथा महत्वपूर्ण आयोजनाहरूमा प्रारम्भिक प्राविधिक परीक्षण (Initial Technical Audit) को ब्यवस्था गर्ने ।
६. सडक निर्माणका लागि आवश्यक पर्ने जग्गा स्थानीय तहहरु समेतको समन्वय र सहकार्यमा मा जग्गादान प्रकृयाबाट प्राप्त गर्ने ।
७. बिगतमा निर्माण भै सर्वयाम यातायात संचालन हुन नसक्ने अवस्थामा रहेका सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।
८. निर्माण सम्पन्न भएका सडकहरुको सडक सम्पत्तिको रूपमा संरक्षण तथा मर्मत गर्ने ।

## खानेपानी

१. सबै घरधुरीलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइको सेवा उपलव्ध गराउने ।
२. आधारभूत खानेपानी सेवाबाट बन्चित दुर्गम विकट बस्तिहरुमा सोलर लिफ्टिङ् लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग गरी खानेपानी सेवा उपलब्ध गराउने ।
३. बढ्दो जनसंख्या, मागका र संभाव्यता आधारमा निजी धारा वितरण गरी सेवा स्तर बृदधि गर्ने ।
४. आयोजना विकास तथा निर्माणमा विपद् जोखिम न्युनीकरणका उपायहरु आयोजना तयारीका चरणदेखि अवलम्बन गर्ने ।
५. गर्मीण खानेपानी प्रणालीको सञ्चालन तथा ब्यवस्थापनमा महिलाहरुको सहभागिता बढाउने ।
६. पानी सुरक्षाको अवधारणालाई क्रमिक रूपमा लागू गर्दै जाने ।
७. खानेपानी आयोजना निर्माणदेखि ने मर्मत संभारको संयन्त्र र कोषको ब्यवश्था गर्ने ।
८. आवस्यकाका आधारमा डिजाइन अवधि पूरा भैसकेका, विपद्वाट क्षति भएका वा ऊन्य कुनै कारणबाट काम गर्न नसक्ने देखिएका आयोजनाहरुको पुनर्निर्माण/पुनःस्थापना गर्दै जाने ।
९. खानेपानी तथा सरसफाईको मापदण्ड बनाई लागु गर्ने ।

## शहरी विकास

१. विपन्न र सीमान्तकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने ।
२. सार्वजनिक नीजि साझेदारी समेतमा वातावरणीय दृष्टीले सन्तुलित, वित्तीय दृष्टिले सम्भाब्य र प्राविधिक दृष्टिले उपयुक्त एवं सुरक्षित बस्ती विकास तथा भवन निर्माणलाई प्रोत्साहन गर्ने ।
३. भुकम्पवाट हुनसक्ने क्षति न्युनीकरण गर्न संरचाना निर्माणमा भवन निर्माण संहिता परिपालना गर्ने/गराउने ।

**७.विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | अनुदान | ऋण |
| २०७७/७८ | ११०१९५०३ | ३७८८८९ | १०७२६४१४ | - | २६१८४३४ | ८४०१०६९ | - |
| २०७८/७९ | ६६१२७८० | २८१५२० | ६३३१२६० | - | २८४५६७५ | ३७६७१०५ | - |
| २०७९/८० | ६८८४५१२ | २९५८३७ | ६५८८६७५ | - | ३४१५०८९ | ३४६९४२३ | - |

## ८. जोखिम पक्ष तथा अनुमान

नीति तथा कानुनी व्यवस्था, कार्यक्रम कार्यान्वयन गर्न पर्याप्त जनशक्तिको व्यवस्था, स्थानीय तह, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता, संघ र स्थानीय तह बीचको समन्वय रहेको हुनेछ । पूर्वाधार विकासका लागि नेपाल सरकार र प्रदेश सरकारको श्रोतबाट पर्याप्त बजेटब्यवस्था भएको हुनेछ । उल्लेखित व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल गर्ने विषय जोखिमपूर्ण रहने देखिएको छ ।

# परिच्छेद ७
# शासकीय व्यवस्था तथा अन्तरसम्बन्धित क्षेत्र

**७.१ प्रदेश सभा**

## १. पृष्ठभुमि

नेपालको संविधानको धारा १७५ ले प्रदेश व्यवस्थापिकाको रुपमा प्रदेश सभा रहने व्यवस्था गरेको छ । प्रदेश सभा जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्वपूर्ण संस्था हो।संविधानको धारा १७६ मा भएको प्रदेश सभा गठन सम्बन्धि व्यवस्था बमोजिम जनसंख्या र भौगोलिक अनुकुलता तथा विशिष्टताका आधारमा बत्तीस निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित भएका बत्तीस जना र सम्पूर्ण प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित भएका एक्काइस जना गरी कूल त्रीपन्न सदस्य रहेको सुदूरपश्चिम प्रदेश सभा रहेको छ।

शक्ति पृथकिकरणको सिद्धान्तलाई अंगिकार गरेका हरेक मुलुकमा व्यवस्थापिकाले कानूनको निर्माण गर्ने जिम्मेवारी पाएको हुन्छ । लोकतान्त्रिक व्यवस्थाको पहिलो आधारको रुपमा रहेको जनप्रतिनिधिहरु मार्फत कानून निर्माण गर्ने प्रणालीलाई संस्थागत गर्नुका अतिरिक्त प्रदेश सभाले संबैधानिक जिम्मेवारी अन्तरगत प्रदेश सरकार निर्माण संग सम्बन्धित कार्यहरु गर्ने र सदन तथा विषयगत समितिहरु मार्फत सरकारको जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरि सुशासन कायम गर्ने जिम्मेवारी पनि पुरा गर्नुपर्ने हुन्छ । प्रदेश सभालाई व्यवस्थापकीय, प्रशासनिक लगायत सहयोग पुऱ्याउने र सूचारु रुपमा संचालन गर्ने जिम्मेवारी प्रदेश सभा सचिवालयको रहेको छ ।

## २. समस्या तथा चुनौति

प्रदेश सभाको आफ्नो भवन नभएकोले जिल्ला समन्वय समिति र साविकको जिल्ला प्राविधिक कार्यालयका साघुँरा कोठाहरुमा प्रदेश सभा संचालन गर्नु, आफ्नो अलग कम्पाउण्ड नहुँदा सुरक्षाको दृष्टिकोणले समस्या हुनु, विषयगत समितिहरुको बैठक कक्ष र सचिवालयमा पर्याप्त पूर्वाधार नहुनु, संसदीय दलका कार्यालयहरुमा पर्याप्त पूर्वाधारको अभाव हुनु, संसदीय गतिविधिहरुमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन नसक्नु, पुराना संरचना भएका कारण त्यसको मर्मत सम्भारमा मात्र बजेट खर्च हुन गई गणितिय उपलब्धि प्राप्त गर्न कठिन हुनु, प्रदेश सभा सचिवालयमा जनशक्तिको अभाव भएको अवस्थामा साविकको दरबन्दी समेत कटौति हुँदा कर्मचारीहरुको उपस्थिति ज्यादै न्यून भइ सभा संचालनमा समेत समस्या हुनु, उपलब्ध स्रोत साधन र जनशक्तिले सबै कार्य सम्पादन गर्नु, कर्मचारीहरुको क्षमता अभिवृद्धिका कार्यहरु पर्याप्त मात्रामा संचालन गर्न नसकिनु जस्ता चुनौतिहरु रहेका छन् ।

## ३. सोच

जनमुखि, स्वच्छ र जवाफदेहि प्रदेश सभा

## ४. उद्देश्य

१. लोकतन्त्रलाई प्रर्बद्धन गर्न संविधानको मर्म र भावना अनुरुप प्रदेशको आवश्यकता तथा जनसरोकार सँग सम्बन्धित विषयमा कानून निर्माण गर्नु ।

२. सरकारलाई पूर्णतः पारदर्शि, जवाफदेहि र उत्तरदायी बनाउने कार्यमा सहयोग गर्नु ।

३. व्यापक अनुसन्धान र बहसमा आधारित तथा दिगो विकासमा सहयोगी हुने गरि विधि निर्माण गर्नु ।

४. प्रविधिमैत्री सभा बनाउँनका लागि भौतिक, प्राविधिक र मानव संशाधनको पक्षमा चुस्त र प्रभावकारी प्रदेश सभा सचिवालयको निर्माण गर्नु ।

## ५. रणनीति

१. संविधानको कार्यान्वयन सम्बन्धि कानून निर्माण गर्ने ।

२. संसद र नागरिक बीचको सम्बन्धलाई सुमधुर बनाउने क्रियाकलापहरु संचालन गर्ने ।

३. आर्थिक विकासलाई सहयोग पुग्ने गरि संसदीय निगरानी राख्ने ।

४. विषयगत समितिहरुलाई अनुसन्धान गर्ने र विकासका एजेण्डाहरुमा व्यापक छलफल हुने मञ्चको विकास गर्ने ।

५. स्थानीय तहका विधायीकी कार्यमा सहजीकरण गर्ने, ज्ञानको हस्तान्तरण गर्ने ।

६. प्रदेश सभाका माननीय सदस्यहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

७. प्रदेश सभाको लागि आधुनिक र सुविधायुक्त पूर्वाधार विकास गर्ने ।

८. प्रदेश सभा सचिवालयलाई चुस्त र प्रभावकारी बनाउँने ।

## ६. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

**रू हजारमा**

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्थ | प्रदेश सरकार | अनुदान | ऋण |
| २०७७/७८ | १९१०६४ | १५३२१४ | ३७८५० | - | १९१०६४ | - | - |
| २०७८/७९ | २३७२६५ | १९५८८१ | ४१३८४ | - | २३७२६५ | - | - |
| २०७९/८० | २६२४२१ | २१६२०२ | ४६२१९ | - | २६२४२१ | - | - |

## ७. जोखिम तथा अनुमान पक्ष

संसदीय गतिविधिहरुको खर्च पुर्वानुमानयोग्य बनाउने, संसदीय अध्ययन र निगरानीका कार्यक्रमहरु परिस्थितिमा आधारित हुनु, विधायीकि प्रक्रियालाई निश्चित समय तालिकामा आवद्ध गर्ने, आधुनिक प्रविधिहरुको उपयोग मार्फत पहुच योग्य सभा संचालन गर्ने, दरबन्दीको परिपूर्ति जस्ता कार्य हुन नसकेमा तोकिएका उद्देश्य हासिल नहुने जोखिम रहन्छ।

## ७.२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्

### १. पृष्ठभूमि

सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयासहरू भइरहेका छन्।चालु आ.व.मा यस सुदूरपश्चिम प्रदेशमा विद्यमान रहेका सबै किसिमका कुप्रथा, कुरितिहरू निर्मुल गर्ने लक्ष्यका साथ छाउपडी प्रथा उन्मुलन नीति निर्माण भइरहेको र आगामी आ.व.मा पनि यसलाई निरन्तरता दिइने छ। मानवअधिकार सम्वर्द्धन तथा प्रवर्द्धन गर्ने लक्ष्यका साथ बिभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन भईरहेका छन्। भ्रष्टाचार न्यूनीकरण तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यका साथ विभिन्न जिल्लाका विभिन्न स्थानहरूमा कार्यक्रम तथा गोष्ठी संचालन भइरहेका छन्। चालु वर्षमा संचालित कार्यक्रमको प्रभावकारिता मुल्यांकन गरी सारभुत रुपमा प्रभावकारी र नतिजामुखी कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने तयारी भइरहेको छ।

सूचना प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौं र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सुदूरपश्चिम प्रदेशको बीचमा सिधा भिडियो सम्पर्क जडान गरीएको छ।आगामी आर्थिक वर्षहरूमा सबै मन्त्रालय र स्थानीय तहहरूमा थप विस्तार र सुधार गर्दै लाने तयारी रहेको छ।स्थानीय तहमा सेवा प्रवाहको स्तरीकरण कार्यक्रम मार्फत प्रभावकारी सेवा प्रवाह गर्ने, वित्तीय सुशासन कायम गर्ने र विकास आयोजनाहरूको प्रभावकरी व्यवस्थापन गर्ने स्थानीय तहलाई पुरस्कृत गर्नै प्रणालीको स्थापना गर्ने तयारी भइरहेको छ। यस प्रदेशका समग्र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न विभिन्न किसिमका समसामयिक र व्यवहारिक तालिमहरू प्रदान गर्न एकिकृत प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको स्थापन र सञ्चालन गर्ने तयारी समेत भइरहेको छ।सरकारी कार्यप्रणालीमा जनअपेक्षा अनुरुप सुधार गर्दै समग्र शासन व्यवस्थालाई पारदर्शी, उत्तरदायी, जनमुखी र कानून सम्मत तुल्याई सबै तहमा रहेको सबै रुपका भ्रष्टाचार र अनियमितताहरूलाई नियन्त्रण गरी जनतालाई कानूनी शासन र सुशासनको प्रत्याभुती गराउन आवश्यक छ।

### २. चुनौती तथा अवसर

देशमा संघीय शासन व्यवस्था अवलम्वन गरीएसंगै तीन तहको प्रशासनिक संरचना कायम हुँदा कर्मचारी समायोजनको प्रयोजनको लागि प्रदेशगत रुपमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरीएको भएतापनि अहिलेको सन्दर्भमा यस सुदूरपश्चिम प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नँया दरबन्दी कायम गर्नु, निर्धारित दरबन्दी अनुसारको कर्मचारीको पदपुर्ति गर्नु, कर्मचारीको दक्षता र क्षमता अभिवृद्धिको लागि आवश्यक व्यवस्थापन गर्नु, आवश्यक भौतिक स्रोत साधनको जोहो गर्नु, सार्वजनिक स्रोत साधनको महत्तम सदुपयोगको सुनिश्चितता गर्नु, सरकारी सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी र नतिजामुखी बनाउनु, सार्वजनिक सेवामा रहेका राष्ट्रसेवक कर्मचारीहरूको मनोवल उच्च कायम गर्नु, विभिन्न किसिमका भ्रष्टाचार र अनियमिततालाई नियन्त्रण गर्नु आदि प्रमुख चुनौती रहेका छन्।

प्रदेशको आवश्यकता अनुसार आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन गर्न प्रादेशिक निजामती सेवा ऐन तर्जुमा गरी कर्मचारीको पद तथा दरबन्दी कायम गर्ने अवसर छ। आधुनिक प्रविधिहरूको प्रयोग बढ्दै गएकोले सार्वजनीक सेवा प्रवाहमा यसको सदुपयोग गरी छिटो छरितो, सरल र सहज तरिकाले सेवा प्रवाह गर्ने अवसर रहेको छ।भ्रष्टाचार नियन्त्रणमा सबै क्षेत्र, निकायको प्रतिवद्धता रहेकोले भ्रष्टाचार नियन्त्रण गर्ने

वातावरण सृजना हुनु, विभन्न ऐन नियमहरूको निर्माण भइरहेकोले मानव अधिकारको संरक्षण र प्रवर्द्धन हुनु, समाजमा विद्यमान विभिन्न कुरितीहरूको उन्मुलन गर्न, भ्रष्टाचार न्युनिकरण एवं सुशासन प्रवर्द्धन गर्न आवश्यक कानूनि संरचनाहरू रहेको अवसर छ।

**३. सोच**

जनमुखी, स्वच्छ, जवाफदेही शासन व्यवस्था।

**४. उद्देश्य**

सार्वजनिक प्रशासनलाई स्वच्छ परिमाणमुखी जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु।

**५. रणनीति**

- सार्वजनिक निकायमा काम कारवाही सम्बन्धी सूचनामा नागरीकको पहुँच बढाउने।
- राष्ट्रसेवाहरूलाई कामप्रति परिमाणमुखी र उत्तरदायी बनाउने।

**६. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | अनुदान | ऋण |
| २०७७/७८ | १४३५८७७ | ७३०१३६ | १०५९१४१ | - | १४३५८७७ | - | - |
| २०७८/७९ | १८१३४७ | १३५७०७ | ४५६४० | - | १८१३४७ | - | - |
| २०७९/८० | २५५९३८ | १४२६५३ | ११३२८५ | - | २५५९३८ | - | - |

**७. जोखिम तथा अनुमान पक्ष**

प्रादेशिक संरचना अनुसार स्थापित भएका निकायहरूमा अनुभवी नेतृत्व तथा पर्याप्त मानव संशाधनको व्यवस्थापन र शासकीय व्यवस्थाका आधारभूत आवश्यकता पुरा गर्न साधन श्रोत तथा क्षमता एवम् प्रविधिको उपयोग समयानुकूल हुन नसकेमा विषय क्षेतगत उद्देश्य हासिल हुन नसक्ने जोखिम रहन्छ। अपेक्षित नतिजाका लागि सरकारको काम छिटो, छरितो, पारर्दशी, मितव्यी तथा गुणस्तरीय हुने अनुमान छ ।

**७.३ आन्तरिक मामिला तथा कानुन**

**१. पृष्ठभूमि**

नेपालको संविधानले संघीय शासन प्रणाली मार्फत जनतालाई नजिकबाट सेवा सुविधा उपलव्ध गराउन शासकीय संरचना गरे अनुरुप प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ द्वारा वर्गिकरण गरिएको आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेबारीमा प्रदेश शान्ति सुरक्षा रव्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सूचना संकलन, अति विशिष्ट ब्यक्ति तथा संवेदनशिल सार्वजनिक स्थल र संरचनाको सुरक्षा, प्रदेश भित्रको अपराध अनुसन्धान, प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा प्रमाणिकरण, प्रदेश सभा मामिला र कानून निर्माण, विपद् व्यवस्थापन र स्थानीय प्रशासनको

संचालन व्यवस्थापन तथा समन्वय जस्ता कार्य लगायतका विभिन्न विषयहरु आन्तरिक मामिला तथा कानून मन्त्रालयको जिम्मेवारी अन्तर्गत रहेका छन् ।

संविधानले प्रदान गरेका जिम्मेवारीहरु एवम् आम नागरिकहरुको चाहना बमोजिम शान्ति सुरक्षा, अमनचयन, जीउ धनको रक्षा, एवम् नागरिक स्वतन्त्रताको संरक्षण, सम्भावित विपद्को पूर्वानुमान देखी क्षतिको न्यूनीकरण, लागू औषध नियन्त्रण, ट्राफिक व्यवस्थापन लगायतका बिषयमा आफ्नो गुरुत्तर दायित्व यस मन्त्रालयले बहन गरेको छ । साथै प्रदेश सरकारको संरचना सञ्चालनका लागि आवश्यक पर्ने ऐन कानून निर्माण र प्रदेशमा सूचना तथा संचार प्रविधिको पूर्वाधार विकास, विस्तार तथा व्यवस्थापनको दायित्व समेत निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ । यसै जिम्मेवारी र दायित्वलाई मध्यनजर गरी यस मन्त्रालयले द्रुत गतिमा आफ्नो कार्यसञ्चालाइ अगर्सता दिँदै परिणाममुखी हुँदैजाँदा जनताले प्रदेश सरकारको उपस्थिति भएको अनुभूति गर्दै जाने विश्वास गरिएको छ ।

## २. चुनौती तथा अवसर

प्रदेश संरचना आफैमा नयाँ अभ्यास र प्रयोग भएकाले आवश्यक अनुभवको अभाव, संघीय सरकार र स्थानीय तहसँगको क्षेत्राधिकार र समन्वयको अष्पटता, आवश्यक नीति, कानूनको अभाव, अपर्याप्त अर्धदक्ष जनशक्ति, कर्मचारीहरुको ह्रासोन्मुख मनोबल जस्ता चुनौती रहेका छन् । अन्य चुनौतीमा संघीय सरकार र स्थानीय तहबीच समन्वय कायम गर्दै सहज रुपमा प्रशासनिक एवम् विकासका कार्यहरु संचालन गर्नु, प्रदेश प्रहरीको गठन तथा प्रदेश भित्र रहेका सुरक्षा निकायहरुलाई यस मन्त्रालय मातहत ल्याई आम जनतालाई शान्ति सुरक्षाको थप अनुभूति दिलाउनु, भौगोलिक जटिलताबाट सिर्जित विपद्जन्य जोखिम पहिचान गरी पूर्व तयारी गर्नु र सूचना तथा संचार प्रविधि सम्बन्धी पूर्वाधार विकास तथा विस्तार गर्नु रहेका छन् ।

## ३. सोच

प्रदेश भित्रका जनताहरुलाई सुशासनको प्रत्याभूति

## ४. उद्देश्य

१. प्रदेशभित्र शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाई जनताको जीउ, धनको सुरक्षा गरी सुशासनको प्रत्याभूति दिलाउनु ।
२. प्रदेश भित्र आइपर्न सक्ने विपद् न्यूनीकरण तथा रोकथामको पूर्वतयारी, तथा विपद् पश्चातका कार्यहरुप्रति सजग रही प्रभावकारी समन्वय गर्नु ।
३. प्रदेश भित्र रहेका छापा एवम् विद्यूतीय संचार माध्यमहरुको विकास एवम् विस्तार गरी आम नागरिकलाई सूचनाको हकमा सहज रुपले पहुँच हुने व्यवस्था मिलाउनु ।
४. समयानुकुल प्रदेश सरकार सञ्चालन गर्न आवश्यक पर्ने ऐन नियम तथा कानूनको निर्माण गर्नु ।

## ५. रणनीति

१. प्रदेशभित्र शान्ति सुरक्षाको अवस्था प्रभावकारी बनाउन प्रहरीहरुको दक्षता अभिवृद्धि गर्न समय अनुसार साधन स्रोतले सम्पन्न गराई विभिन्न तालिम सञ्चालन गर्ने ।
२. प्रदेश भित्रको शान्ति सुरक्षाको अवस्थालाई मजबुत बनाउन तथा सवारी दुर्घटनालाई न्यूनीकरण गर्न आधुनिक प्रविधिको प्रयोगलाई विस्तार गर्ने।

३. विपदबाट हुने सम्भावित घटना न्यूनीकरण तथा रोकथामका लागि प्रदेशस्तरीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाई विपद् व्यवस्थापन कोष खडा गरी प्रभावकारीढंगले परिचालन गर्ने ।
४. प्रविधिको प्रयोग गरी विपद्को पूर्व सूचना संकलन गर्न आवश्यक सम्भाव्यता अध्ययनहरु गरी बहुसरोकारवाला निकायहरुसँगको समन्वयमा कार्य गर्ने ।
५. प्रदेश सरकार सञ्चालन गर्न आवश्यक पर्ने ऐन नियम कानून समय अनुसार निर्माण तथा परिमार्जित गर्दै जाने ।

## ७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | अनुदान | ऋण |
| २०७७/७८ | ४६७६०१ | १५८५९३ | ३१०००८ | - | २४४६०१ | २२३०० | - |
| २०७८/७९ | ३८७१७३ | १६१३३४ | २२५८३९ | - | २६४१७३ | १२३००० | - |
| २०७९/८० | ४४१०८४ | १७८०९४ | २६२९९० | - | २९७०८४ | १४४००० | - |

## ८. जोखिम पक्ष तथा अनुमान

प्रदेशभित्रका नागरिकले आफ्नो जिउ, धनको सुरक्षा भएको महसुस गर्ने, विपद् सामनाको लागि पूर्वतयारी तथा विपद्को अवस्थामा नागरिककले प्रदेश सरकारलाई संरक्षकका रुपमा महसुस गरेको हुने, प्रदेश सरकारले तयार गर्ने सम्पूर्ण ऐन कानून तर्जुमा भइसक्ने र सूचना तथा संचार प्रविधीको विकास, विस्तार र व्यवस्थापनमा पर्याप्त काम भएको हुने छ । यस्ता कार्यहरु गर्न नसकिएमा लक्षित उदेश्यहरु पूरा हुन नसक्ने जोखिम रहेको छ ।

# कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

# आर्थिक मामिला तथा योजना

| ब.उ.शी.नं. | कार्यक्रम ⁄ आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्टयाई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ३०५०००११ | स्वरोजगार विकास कार्यक्रम | स्वआर्जनको माध्यमबाट रोजगारी र आयआर्जन वृद्धि तथा गरिवी न्यूनीकरण | सालबसाली | | रोजगारमूलक तालिम प्रदान गर्ने बिनाधितो कोष मार्फत ऋण प्रवाह गर्ने | प्रतिवर्ष २ हजार नयाँउद्यमी सिर्जना हुने । |
| ३०५०००११ | आधार तथ्यांक सर्वेक्षण | प्रदेशको आर्थिक सामाजिक क्षेत्रको खण्डीकृत तथ्यांक संकलन | २०७७/७८ | | तथ्यमा आधारित नीति तथा योजना प्रक्रियाको विकास | प्रदेशको आर्थिक, सामाजिक खण्डीकृत तथ्यांक तयार भएको हुने । |
| ३०५०००११ | प्रथम पञ्च वर्षीय योजना निर्माण | सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पन्च वर्षीय योजना तयार | २०७६/७७ | | - | सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना तयार भएको हुने । |
| ३०५०००११ | प्रदेश आयोजना बैङ्क स्थापना | आयोजना प्राथमिकीकरण गरी आयोजना बैंकमा प्रविष्टि | २०७७/७८ देखि निरन्तर | - | आयोजना प्राथमिकीकरण गर्न आवश्यक | प्रदेश आयोजना बैङ्क तयार भएको हुने। |
| ३०५०००११ | प्रदेश लगानी बोर्ड गठन | प्रदेशमा स्वदेशी विदेशी लगानीको व्यवस्थापन | | - | - | प्रदेश लगानी बोर्ड गठन भई कार्यारम्भ भएको हुने । |

## उद्योग,पर्यटन,वन तथा वातावरण

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ३०७०००११ | सार्वजनिक निजी साझेदारीमा जडिबुटी विकास तथा प्रशोधन कम्पनी स्थापना र संचालन | प्रदेशमा जडिबुटीहरूको संरक्षण, सम्बर्दन एवं दिगो व्यवस्थापन मार्फत् व्यवसायिक रूपमा जडिबुटीको संकलन, खेती विस्तार, प्रशोधन र उत्पादन गर्दै रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्दै सम्बृध्दि हासिल गर्ने। | २०७६/७७ | १०,००० | २०७६/१०/२२ मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रलाय, सुदुरपश्चिम प्रदेश र जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी, कोटेश्वरबीच समझदारी पत्रमा हस्ताक्षर भएको र सोही अनुरूप आवश्यक कार्यविधि बनाइ कार्यान्वयनमा ल्याइने छ। | सार्वजनिक निजी साझेदारीमा जडिबुटी विकास तथा प्रशोधन कम्पनी स्थापना र संचालन, आर्थिक विकास, समृध्दिको आधार। |
| ३०७०००११ | पर्यटकीय करिडोर पर्यटन विकास कार्यक्रम | प्रदेशमा विभिन्न पर्यटकिय स्थलहरूको पहिचान, संरक्षण, सम्बर्दन र व्यवस्थापन गर्न पर्यटन करिडर विकास रणनीतिक योजना तर्जुमा गर्दै न्यूनतम पर्यटकिय पूर्वाधार विकास, पर्यटकिय सेवा अभिवृध्दि गर्दै रोजगारी सिर्जना गर्ने। | २०७६/७७ | २००० | यस मन्त्रालय अन्तर्गत पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाइ स्थापना भई पर्यटकिय करिडर तथा पर्यटन विकास कार्यक्रमहरू सञ्चालनमा ल्याएको। | पर्यटकीय करिडोर पर्यटन विकास कार्यक्रम |
| ३०७०१०११ | प्रत्येक स्थानीय तहका लघु तथा घरेलु उद्योग स्थापना | प्रदेशस्थित प्रत्येक स्थानीय तहमा लघु तथा घरेलु उद्योग स्थापना र सञ्चालन गरी स्थानीय रोजगारीको सिर्जना गर्दै आयआर्जनमा वृध्दि गर्ने । | २०७७/७८ | १००० | प्रदेशस्थित विभिन्न जिल्लामा घरेलु तथा साना उद्योग कार्यालयहरू रहेको र बढ्दो वेरोजगारको समस्यालाई सम्बोधन गर्न स्थानीय स्रोत साधान र आवश्यकतालाई मध्यनजर गर्दै स्थानीय सीप र उद्योग | प्रत्येक स्थानीय तहका लघु तथा घरेलु उद्योग स्थापना र सञ्चालनमा रहेको हुनेछ। |
| ३०७८१०११ र ३०७०१०१२ | हरेक निर्वाचन क्षेत्र नवीन उद्योग स्थापना | प्रदेशस्थित हरेक निर्वाचन क्षेत्रमा नवीन उद्योग स्थापना र सञ्चालन गरी स्थानीय रोजगारीको सिर्जना गर्दै आयआर्जनमा वृध्दि गर्ने | २०७७/७८ | ३५० प्रति वर्ष | प्रदेशस्थित विभिन्न जिल्लामा घरेलु तथा साना उद्योग रहेको र बढ्दो वेरोजगारको समस्यालाई सम्बोधन गर्न स्थानीय स्रोत साधान र आवश्यकतालाई मध्यनजर गर्दै | हरेक निर्वाचन क्षेत्र नवीन उद्योग स्थापना |

| उद्योग,पर्यटन,वन तथा वातावरण | | | | | | |
|---|---|---|---|---|---|---|
| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
| ३०७०२०१३ | भू तथा जलाधार व्यवस्थापन कार्यक्रम | सम्बेदनशील भूगोल र जलाधार क्षेत्र पहिचान गरी दिगो र उचित व्यवस्थापन गर्दै भू उत्पादकत्व वृध्दि गर्दै पानीको उपयोग गर्दै आयआर्जनमा र कृषि उत्पादनमा टेवा पुर्याउने। साथै बाढी, पहिरो रोकथाम गरी जनधनको सुरक्षा गर्ने। | २०७४/७५ | ४००० प्रति वर्ष | प्रदेशमा डोटी र डडेल्धुरा जिल्लामा भू तथा जलाधार व्यवस्थापन कार्यालय स्थापना भई नियमित रूपमा भू संरक्षण र जलाधार व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गर्दै गरेको। | भू तथा जलाधार व्यवस्थापन कार्यक्रमहरू सञ्चालन भएको र जमिनको उत्पादकत्व वृद्धि भएको हुनेछ। |
| ३०७०२०१२ | सामुदायिक तथा कबुलियति वन विकास कार्यक्रम | प्राकृतिक स्रोत तथा वन क्षेत्रको दिगो संरक्षण, व्यवस्थापन र उपयोग गरी स्थानीय स्तरमा आयआर्जन, रोजगारी वृध्दि गरी आर्थिक समृध्दि हासिल गर्ने, गरिवीको रेखामुनी रहेका स्थानीय जनताको जीवनस्तर सुधार गरि वनको हैसियत सुधार | २०७४/७५ | ४००० प्रति वर्ष | डिभिजन वन कार्यालयद्वारा सञ्चालित जिल्लाको सामुदायिक तथा कबुलियति वनको दिगो संरक्षणको कार्य नियमित गर्न र हरित आय अभिवृद्धि गर्न आवश्यक रहेको। | सामुदायिक तथा कबुलियति वन विकास कार्यक्रम सञ्चालन भइ हरियाली प्रबर्धन भएको हुनेछ र समुदायमा काठ दाउराको सहज आपूर्ति र आय आर्जन वृद्धि हुनेछ। |
| ३०७०२०१२ | निजी वन, वृक्षारोपण तथा वन दशक कार्यक्रम | वन पैदावारको पूति गर्न, हरियाली प्रबर्धन गर्न, निजी क्षेत्रको सहभागिता, राष्ट्रिय वनमा चाप कम गर्न। | २०७४/७५ | १००० प्रति वर्ष | राष्ट्रिय वनमा बढ्दो वन पैदावारको चाप गर्न निजी वनको विकास तथा विस्तारका साथै निजी र सार्वजनिक जग्गामा वृक्षारोपण गर्न आवश्यक रहेको। | राष्ट्रिय वनमा वन पैदावारको चापमा कमी भएको हुनेछ, हरियाली प्रबर्धन भएको हुनेछ, निजी क्षेत्रको सहभागितामा वन क्षेत्रको सुधार हुनेछ। |
| ३०७०२०१२ | राष्ट्रिय वन विकास कार्यक्रम | सरकारद्वार व्यवस्थित वनको दिगो संरक्षण, विकास, व्यवस्थापन र सदुपयोग गर्दै वन पैदावारको आपूर्ति, आयर्जन र रोजगारीमा वृध्दि गर्ने । | २०७४/७५ | २००० प्रति वर्ष | बढ्दो जनसंख्या, बढ्दो काठ दाउराको माग र बेरोजगारीको समस्या समाधान गर्न प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्न। | सरकारद्वारा वनको हैसियत सुधार, उत्पादकत्व वृद्धि, वन पैदावारको सहज आपूर्ति र रोजगारी सृजना हुने। |

# भूमि व्यवस्था, कृषि तथा सहकारी

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | भूमि विकास कार्यक्रम | भूमिको वैज्ञानिक व्यवस्थापन तथा प्रभावकारी उपयोग | सालबसाली (आ.व.२०७७/७८ -०७८/७९) | २०० | भू उपयोग योजना संचालन भएको हुने ।बाँझो वा कम उपयोग भएको जग्गामा कृषि प्रबर्धन कार्यक्रम।भूमिको वर्गीकरण भई सोही बमोजिम कार्यान्वयनको प्रकृया | भूमिको बर्गीकरण भएको हुनेछ । ५०० हेक्टर बाँझो जमिनमा खेती सुरु भएको हुने । |
| | भू-सूचना व्यवस्थापन कार्यक्रम | भू-उपयोग सम्बन्धी भौगोलिक सूचना तयारी | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | ५० | सार्वजनिक, सरकारी, ऐतिहासिक सम्पदा र धरोहर तथा गुठी सम्बन्धी जग्गाहरुको अभिलेख तयार भई संरक्षण भएको हुने ।भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार भएको हुने ।भू-उपयोग सूचना | प्रदेशको भौगोलिक सूचना तयार भएको हुनेछ । |
| | गुठी जग्गा संरक्षण कार्यक्रम | गुठी जग्गाको अभिलेख तयार गरी संरक्षणको व्यवस्था | सालबसाली (आ.व.०७७/०७८ देखि | ५० | गुठी जग्गाको अभिलेख तयार भएको हुने ।गुठी जग्गाको संरक्षण तथा प्रवर्द्धनको संस्थागत व्यवस्था भएको हुने । | प्रदेशभरिको गुठी जग्गाको अभिलेख तयार भएको हुनेछ । भूमि आयोगको गठन भएको हुनेछ |
| | कृषि विकास कार्यक्रम | कृषिको लागि आवश्यक पूर्वाधार विकास तथा कृषिको व्यवसायीकरण | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | १००० | शीत भण्डारहरु, बजार केन्द्रहरु, प्रशोधन केन्द्रहरु, पकेट क्षेत्र निर्माण भई संचालनमा आएको हुने । | निर्माण, संचालन तथा हस्तान्तरणको अवधारणामा प्रदेशभरिमा ३० वटा कोल्ड च्याम्बरहरु स्थापना हुनेछन् । प्रदेशभरिमा ९ वटा एकिकृत कृषि बजार स्थापनाका लागि भौतिक पुर्वाधार निर्माण तथा स्तरोन्नतिको कार्य शुरु हुँदै बजार संचालनमा आउनेछ । |

## भूमि व्यवस्था, कृषि तथा सहकारी

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | कृषि इन्जिनियरिङ कार्यक्रम | कृषि व्यवसायमा यान्त्रिकीकरण तथा आधुनिकीकरण | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | ३००० | साना तथा आधुनिक सिंचाई प्रणाली विकास तथा कार्यान्वयन भएको हुने । कृषि यान्त्रिकिकरण तथा ग्रीन हाउस निर्माणमा सहयोग तथा सहजीकरण भएको हुने । | कैलाली र कन्चनपुर जिल्लमा २००० वटा भूमिगत सिंचाई योजनाहरु निर्माण गरिनेछन् । प्रदेशभरिमा तरकारी उत्पादनका लागि १२०० संरचनाहरु निर्माण गरिनेछन्। |
| | कृषि प्रसार तथा तालिम कार्यक्रम | कृषि प्रसार सेवा विस्तार तथा कृषकको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | १००० | कृषि प्रसार सेवामा कृषकको पहुँच अभिवृद्धि भएको हुने । कृषक पाठशाला तथा फर्म स्थापना भएको हुने । कृषक क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन भएको हुने । मोडेलफार्म, पकेट क्षेत्र लगायतका विषयमा ब्यवसायिक कृषि सम्बन्धी तालिम संचालन भएको हुने । | २४४ वटा कृषक पाठशालाहरु संचालन हुनेछन ।१०००० जना कृषकहरु स्थलगत तालिमबाट लाभान्वित हुनेछन् । कृषि उद्यमको विकासका लागि Agri incubation Model कार्यक्रम अन्तर्गत ९० जना कृषि उद्यमिहरु तैयार गरिनेछन् । |
| | फलफूल विकास कार्यक्रम | फलफूल विकास तथा उत्पादन वृद्धि | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | २२० | फलफूल विकास सम्बन्धी नमूना फार्महरु संचालन भएका हुने ।फलफूल विकास सम्बन्धी प्रोत्साहन सहयोग भएको हुने। | प्रदेश भरी २ लाख फलफुलका विरुवा (सुन्तलाजात-८० हजार, ओखर-५० हजार, स्याउ-२० हजार, अनार-२० हजार, अन्य-३० हजार) रोपण तथा स्याहार भएको हुनेछ ।फलफूलका ६० वटा नमुना फार्महरु स्थापना हुनेछन्। |
| | बाली विकास तथा संरक्षण कार्यक्रम | बाली संरक्षण सम्बन्धी अध्ययन अनुसन्धान तथा सहयोग | सालबसाली (आ.व.०७७/०७८ देखि | २७ | आकस्मिक रोग किरा नियन्त्रणमा कृषकलाई आवश्यक सहयोग प्रदान भएको हुने । | Mobile Plant Protection Ambulance स्थापनागरी संचालनमा ल्याईएको हुनेछ |

# भूमि व्यवस्था, कृषि तथा सहकारी

| ब.उ.शी.न. | कार्यक्रम /आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | बिउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | बिउ बिजन उत्पादन वृद्धि तथा प्रवर्द्धन एवम् गुणस्तर नियन्त्रण | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | ५०० | बिउ बिजनको दर्ता तथा गुणस्तर नियमन भएको हुने । बिउ बिजनको उत्पादन सम्बन्धी कार्यक्रम संचालन हुने । | ➢ आगामि ३ बर्षमा हरेक स्थानिय तहमा कम्तिमा एउटा बीउ उत्पादन, भण्डारण र प्रशोधन श्रोत केन्द् स्थापना भइ प्रदेशलाइ आवश्यक खाद्यान्नको बीउमा आत्मनिर्भरता हासिल गरिनेछ । फलफुलहरुको गुणस्तरीय बेर्ना प्रदेश भित्रै उत्पादन गर्न आवश्यक पुर्वाधार विकास हुनेछ । |
| | खाद्यान्न बाली कार्यक्रम | खाद्यान्न बालीको उत्पादन वृद्धि | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | ७०० | खाद्यान्न बाली प्रोत्साहन सहयोग भएको हुने। बिउ बिजनको उत्पादन सम्बन्धी कार्यक्रम संचालन हुने ।खाद्यान्न बाली उत्पादनमा वृद्धि भएको हुने ।खाद्यान्न बालीको व्यवसायिक विस्तार भएको हुने । | आगामी आ.ब मा धान३० हजार मे.ट(हालको ५.८ लाख मे.ट), गहुँ १५ हजार मे.ट(हालको ३.०८ लाख मे.ट), मकै १० हजार मे.ट(हालको १.११ लाख मे.ट)थप उत्पादन भएको हुनेछ । |
| | सहकारी विकास तथा प्रबर्धन | सहकारि संस्थाहरु मार्फत सिप विकासका तालिम संचालन गरि समुदायको आयआर्जनमा टेवा प्रदान | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | १००० | सहकारी रजिष्टारको कार्यालय तथा सहकारी प्रशिक्षण केन्द्रको स्थापनाकालागि भौतिक पुर्वाधारको विकास गरिनेछ।सहकारी संघहरु मार्फत संचालन हुने गरि समुदाय स्तरमा सिप विकास तथा आयआर्जन तालिम तथा सामाग्रि सहयोग गरिनेछ ।एकै कार्यक्षेत्र भएका तथा एकै प्रकारका कार्यमा संलग्न सहकारीहरुको एकिकरण गरि व्यवसाय संचालन गर्न अनुदान प्रदान गरिनेछ ।सहकारी संस्थाहरुको नियमित अनुगमन तथा नियमन गरिनेछ । | प्रदेश तथा स्थानिय स्तरमा रहेका सहकारी संस्थाका कम्तिमा ५०० जना सहकारिकर्मिहरुको तालिम, अवलोकन तथा भ्रमण कार्यक्रम मार्फत क्षमता अभिबृद्धि हुनेछ ।सहकारी संघ मार्फत समुदाय स्तरमा सिप विकास तथा आयआर्जन तालिम संचालन भइ १००० जना विपन्न समुदायका सहभागिहरु लाभान्वित हुनेछन् ।सहकारीहरुको एकिकरण भइ प्रदेश अन्तर्गतका सहकारी संस्थाहरुको संख्या ३०० भन्दा कम भएको हुनेछ । |
| | बृहत पशु आहारा विकास आयोजना | घाँसमा आधारीत पशुपालन ,पशु पालनमा लागत घटाउने | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | ४०० | घाँसको बिउ बेर्ना सेट्सहरु खरिद गरी कृषकलाइ निजि तथा सार्वजनिक जग्गामा रोपण गर्न लगाउने । | प्रत्येक बर्ष बाझो तथा खेर गएको जमिनमा घाँस तथा डाँलेघाँस नेपियर सेट्स लगाइ पशु आहारामा बृद्धि भइ पशुजन्य उत्पादनमा बृद्धि हने (दुध, फुल,मासु ) |

५२

# भूमि व्यवस्था, कृषि तथा सहकारी

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | दुध उत्पादन आयोजना | दुधमा आत्मनिर्भरता निर्यात प्रबद्धन,पोषण सुरक्षा | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | ६०० | गोठ सुधार,पशु नश्ल सुधारका लागि रागाँ बितरण,कृ.ग. सेवा, पशु स्वास्थ्य सुधार,दुग्ध सहकारी संकलन केन्द्र बिस्तार | आधुनिकगोठ निर्माण,पशु स्वास्थ्यमा सुधार भइ दुध उत्पादनमा बृद्धि, पशु पालन बारे ज्ञान हासिल भइ व्यवशायिक पशु पालनमा बृद्धि हुने,नश्ल सुधार भइ दुध उत्पादनमा बृद्धि । |
| | मासु उत्पादन आयोजना | मासुको उत्पादन बृद्धि | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | ६०० | खोर सुधार, तालिम, उन्नत बोका बितरण, व्यावशायिक बाखापालन तालिम,खशि संकलन केन्द्र स्थापना | आधुनिक खोर निर्माण,बाखाको स्वास्थ्यमा सुधार भइ मासु उत्पादनमा बृद्धि, बाखा पालन बारे ज्ञान हासिल भइ व्यवशायिक बाखा पालनमा बृद्धि हुने,नश्ल सुधार भइ मासु उत्पादनमा बृद्धि |
| | बंगूर व्यवशाय प्रवद्धन आयोजना | मासुको उत्पादन बृद्धि | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | १०० | बंगूरको पाठापाठी बितरण,औषधि उपचार,खोप,बजार व्यवस्थापन,स्वस | आधुनिक खोर निर्माण,बंगूरको स्वास्थ्यमा सुधार भइ मासु उत्पादनमा बृद्धि, बंगूर पालन बारे ज्ञान हासिल भइ व्यवशायिक बंगूर पालनमा बृद्धि हुने,नश्ल सुधार भइ मासु उत्पादनमा बृद्धि । |
| | पशु स्वास्थ्य सुधार जुनोसिस नियन्त्रण आयोजना | पशुधनको सुरक्षा, जुनोटिक रोगको नियन्त्रण | सालबसाली (आ.व.०७७/०७८ देखि ०७८/०७९) | ६०० | रोग सर्भिलेन्स,आकस्मिक उपचार,पशु स्वास्थ्य शिविर,पशुपंन्छीको रोग जुनोटिक रोग सम्बन्धी सुचना मुलक सन्देश | पशुवस्तुमा खोप सन्चालन भइ रोग लाग्न बाट बचावट,रोग सम्बन्धी कृषक तथा सरोकारबालाहरुमा जानकारी भइ पशु स्वास्थ्यमा सुधार भइ पशुजन्य उत्पादन राम्रो भइ मानव उपभोगका लागि स्वस्थ्य हुने। |
| | रैथाने कुखुरा प्रवद्धन आयोजना | | सालबसाली (आ.व.०७७/०७८ देखि | ४०० | स्थानियस्तरमा साना मझौला कृषकलाइ रैथाने कुखुरा चल्ला बितरण औषधि उपतार तालिम | गाउँघरमा भएका रैथाने कुखुराको वंश सुधार भइ पोषणमा सुधार हुने र स्वादिस्टपनाको संरक्षण । |

| सामाजिक विकास शिक्षा | | | | | | |
|---|---|---|---|---|---|---|
| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
| ७०७३७३५१ | आधारभूत शिक्षा कार्यक्रम | सबै बालबालिकालाई प्रारम्भिक वाल शिक्षाको अनुभव सहित गुणस्तरीय आधारभूत शिक्षामा पहुँच पर्‍याउने | २०७६/०७७-२०७८/०७९ | १०९२० | | १.बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने दर वृद्धि भएको हुनेछ । २. आधारभुत तहको टिकाउ दर, सिकाई उपलब्धि, लैङ्गिक अनुपात र उत्तिर्ण दर वृद्धि भएको तथा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या घटेको हुनेछ ३. विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार पुरा भएको हुनेछ । |
| ७०७३७३५१ | माध्यमिक शिक्षा कार्यक्रम | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चत गरी शिक्षालाई गुणस्तरीय , जिवनपयोगी र प्रविधि मैत्री बनाउने | २०७६/०७७-२०७८/०७९ | १२७४० | | १. माध्यमिक तहको टिकाउ दर, सिकाई उपलब्धि, लैङ्गिक अनुपात र उत्तिर्ण दर वृद्धि भएको हुनेछ। २. विद्यालयमा पुस्तकालय , प्रयोगशाला लगायतका न्यूनतम भौतिक पूर्वाधार पुरा भएको हुनेछ |
| ७०७३७३५१ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने । | २०७६/०७७-२०७८/०७९ | १८००० | | १.प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूमा छात्रावास निर्माण भएको हुनेछ ।२. प्राविधिक शिक्षा अध्ययनका लागि विपन्न वर्गका विद्यार्थीले छात्रवृत्ति |
| ७०७३७३५१ | उच्च शिक्षा | उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धात्मक प्रविधि मैत्री र रोजगार मूलकबनाउने साथै उच्च शिक्षामा पहुँच तथा गुणस्तर अभिवृद्धि गर्ने । | २०७६/०७७-२०७८/०७९  | १०९२० | | १.उच्च शिक्षा प्रदायक संस्थाहरूमा हुने अनुसन्धानात्मक कार्यको संख्यामा वृद्धि भएको हुनेछ ।२. प्रत्येक जिल्लामा कम्तिमा १/१ ओटा सुविधा सम्पन्न क्याम्पसको विकास भएको हुनेछ ।३. उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थि संख्या वृद्धि भएको हुनेछ ।४. प्रदेश विश्वविद्यालय र प्राविधिक विश्वविद्यालयको स्थापनाको लागि पूर्व तयारी |

## सामाजिक विकास शिक्षा

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ७०७३७३५१ | साक्षरता तथा जिवनपर्यन्त शिक्षा | सबै नागरिकका लागि जिवन पर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्ने । | २०७६/०७७-२०७८/०७९ | ५४० | | १.साक्षर प्रदेश घोषणा भइसकेको हुनेछ ।२. सामुदायिक सिकाई केन्द्रहरूबाट हुने जिवनपर्यन्त सिकाई क्रियाकलापमा वृद्धि भएको हुनेछ । |
| ७०७३७३५१ | विशेष शिक्षा | विभिन्न खालका अपाङ्गता भएका बालबालिकाहरुलाई गुणस्तरीय शिक्षाको अवसरमा पहुँच सुनिश्चत गर्ने । | २०७६/०७७-२०७८/०७९ | ७८० | | १.अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहुँच वृद्धि भएको हुनेछ ।२. स्रोतकक्षाहरुको सुदृढीकरण , स्रोत शिक्षकहरूको क्षमता अभिवृद्धि लगायतका कार्यहरुका लागि प्रदेश स्तरमा स्रोत केन्द्र स्थापना भएको हुनेछ ।३. आवासिय सुविधा प्राप्त गर्ने अपाङ्गता भएका |
| ७०७३७३५१ | सार्वजनिक तथा सामुदायिक पुस्तकालय | नागरिकहरूको जिवन पर्यन्त सिकाई तथा स्व अध्ययनका लागि अवसर सिर्जना गर्ने । | २०७६/७७-२०७८/०७९ | ४५० | | प्रदेश भित्र स्थापना भई सञ्चालनमा रहेका सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको भौतिक अवस्था सुधार , पुस्तकहरूको संख्यामा वृद्धि र अध्ययनकर्ताहरूको संख्या वृद्धि भएको |
| ३५००११ | पुस्तकालयहरू लाई अनुदान | सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको सुदृढीकरण गर्ने | २०७६/७७-२०७८/०७९ | १०० | | प्रदेश भित्रका पुस्तकालयहरूको स्तरोन्नती भएको हुनेछ । |

## सामाजिक विकास शिक्षा

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ३५०१०९ | प्राविधिकशिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको माध्यमबाट सिप सिकाई रोजगारीमा वृद्धि र उत्पादकत्व बढाउने । | २०७६/७७ –२०७८/०७९ | ९००० | | सिपयुक्त जनशक्तिको संख्यामा वृद्धि भई बेरोजगारको संख्यामा कमि आएको हुनेछ । |
| ३५०१३८ | पढाई सीप प्रवर्द्धन कार्यक्रम | प्रारम्भिक कक्षाका बालबालिकाहरूमा पठन सिपको विकास गर्ने शिक्षक तालिम प्रदान गर्ने । | २०७६/७७ –२०७८/०७९ | १००० | | पढाई सिप प्रवर्द्धन सम्बन्धि तालिम प्राप्त गर्ने शिक्षकको संख्यामा वृद्धि भएको हुनेछ । |
| ३५०८०६ | विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर | विद्यालय क्षेत्र विकास योजनाले तय गरेका गुणस्तर, पहुँच, समता तथा उत्थानशिलता सम्बन्धि लक्ष्यहरूमा केन्द्रित रही प्रदेश स्तरमा कार्यक्रम सञ्चालन गर्ने । | २०७६/७७ –२०७८/०७९ | १५०० | | गुणस्तर , पहुँच , समता तथा उत्थानशिलता सम्बन्धि सुचकहरूमा वृद्धि भएको हुनेछ । |

## सामाजिक विकास स्वास्थ्य

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | स्वास्थ्यजन्य फोहोरमैला व्यवस | स्वास्थ्य संस्थाबाट निस्किने फोहोरमैलाको व्यवस्थापन गरि जोखिम न्यूनीकरण | २०७६/७७ –२०७८/०७९ | | | स्वास्थ्य संस्थाहरुमा फोहोरमैलाको राम्रो व्यवथापन भएको हुनेछ |
| | बाल स्वास्थ्य कार्यक्रम | बाल मृत्युदर घटाई समग्र बाल स्वास्थ्यमा सुधार ल्याउने | | | | बाल मृत्युदर ६९ बाट घटेर ६३ प्रतिहजार पुगेको हुनेछ |
| | | नवजात शिशु संक्रमण रोकथाम गर्न | | | | नवजात शिशु मृत्युदर ४१ बाट घटेर ३५ भएको हुनेछ |
| | | बिरामी शिशुहरुको रोग शिघ्र पहिचान र प्रेषण गर्न | | | | |
| | परिवार स्वास्थ्य कार्यक्रम | स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्या बढाउने | २०७६/७७ –२०७८/०७९ | | | स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्या बढेको हुनेछ |
| | | संस्थामा आएर गर्भजांच गर्ने , उत्तर प्रसुती जांच बधाई मातृ तथा बाल स्वास्थ्यमा सुधार ल्याउन | | | | ८८ वटै स्थानीय तहमा ग्रामिण भिडियो एक्स रे सेवा लागु भएको हुनेछ |
| | | भिडियो एक्स रे मार्फत गाउँ गाउँमा गर्भ जांच गराई जटिलता पहिचान र व्यवस्थापन गर्ने | | | | प्रोटोकल अनुसार गर्भवती तथा प्रसुती जांच गराउनेको संख्या बृद्दी भएको हुनेछ |

| सामाजिक विकास स्वास्थ्य | | | | | | |
|---|---|---|---|---|---|---|
| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
| | जनस्वास्थ्य प्रवर्धनको लागि सूचना , संचार प्रकाशन तथा प्रसारण | स्वास्थ्य सम्बन्धिका विषयहरुमा जनचेतना अभिवृद्दी गरि स्वस्थ आनिवानीको विकास गर्ने | २०७६/७७ –२०७८/०७९ | | | स्वास्थ्य सम्बन्धि जनचेतना अभिवृद्दि भएको हुने |
| | | स्वास्थ्य र पोषणसम्बन्धी उपलब्ध सेवाहरूबारे समुदायसम्म स्पष्ट सूचना प्रवाह | | | | |
| | | स्वास्थ्यसम्बन्धी प्रवद्र्धनात्मक र प्रतिरोधात्मक कार्यक्रमहरूलाई समुदाय तथा विद्यालयहरूसम्म विस्तार गर्न एवं स्वास्थ्य सूचना प्रवाह गर्न | | | | |
| | अस्पताल सेवा सुदृढीकरण का | अस्पतालबाट प्रवाह हुने सेवा प्रभावकारी तथा गुणस्तरीय बनाउन | २०७६/७७ –२०७८/०७९ | | | अस्पताल बाट प्रदान हुने चिकित्सकीय सेवाहरु प्रभावकारी र गुणस्तरीय भएको हुने |
| | | जिल्ला अस्पतालमा थप सेवाहरु बिस्तार गर्ने | | | | सेवाग्राहीको संख्या बढेको हुनेछ |
| | | प्रादेशिक अस्पतालबाट प्रवाह हुने सेवाहरुलाई विशिष्टिकरण गर्ने | | | | विशेषज्ञ सेवा प्रवाहमा बृद्दी भएको हुने |
| | | विशेषज्ञ सेवा नपुगेका स्थानमा मेडिकल कलेजसँग समन्वय गर्ने | | | | |

| सामाजिक विकास स्वास्थ्य | | | | | | |
|---|---|---|---|---|---|---|
| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
| | | चिकित्सकहरु लगाएतका स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन गरि सेवा | | | | |
| | आयुर्वेद स्वास्थ्य कार्यक्रम | योग तथा आयुर्वेद सेवा विस्तार गर्ने | २०७६/७७ –२०७८/०७९ | | | योग सेवाको विस्तार भएको हुनेछ |
| | | निशुल्क आयुर्वेद औषधिको सहज आपूर्ति र वितरण गर्न | | | | |
| | | आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा ध्यान, होमियोप्याथी, युनानी, अकुपञ्चर र आम्ची सेवाको एकीकृत विकास एवं विस्तार गरी सर्वसुलभ | | | | |
| | आपूर्ति व्यवस्थापन | स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधिको संख्या क्रमशः वृद्धि गर्नुका साथै वितरण प्रणालीलाई सुदृढ गर्न | २०७६/७७ –२०७८/०७९ | | | स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधिहरुको सहज आपूर्ति भएको हुनेछ |
| | | औषधिको गुणस्तर परीक्षण गर्न संस्थागत क्षमता अभिवृद्धि | | | | |
| | | माग र खपतका आधारमा औषधि आपूर्ति गरि स्वास्थ्य सेवा पाउने हकको सुनिश्चितता गर्न | | | | |

| महिला, बालबालिका अपांगता तथा ज्येष्ठ नागरिक | | | | | | |
|---|---|---|---|---|---|---|
| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
| | महिला सचेतना तथा सीप विकास कार्यक्रम | महिला सचेतना तथा सशक्तिकरण एवम् महिला हिंसा न्यूनिकरण | सालवसाली | | | महिला सशक्तिकरण भएको हुने। लैङ्गिक हिंसाको न्यूनिकरण भएको हुने । जिल्ला स्तरमा हिंसा पीडित व्यक्तिहरुका लागि अल्पकालिन सेवा केन्द्र र प्रदेश स्तरमा सामुदायिक पुनर्स्थापना केन्द्र संचालन हुने। |
| | बालबालिका सम्बन्धी कार्यक्रम | बाल अधिकारको संरक्षण तथा सम्बर्द्धन | सालवसाली | | | अनाथ, असाह्य यस्ता बालबालिकाहरुको शैक्षिक पहुँच स्थापना गर्न प्रदेशका प्रत्येक जिल्लामा एक-एक वटा आवसिय सुविधा सहितको विद्यालय संचालन भएको हुने । प्रदेश वालपरिषद् गठन हुने । प्रदेश स्तरीय बालसुधार गृह सञ्चालन भएको हुने । बालबिवाहमा कमी आएको हुने । बालउद्यान सौर्यमण्डल सञ्चालन भएको हुने । |
| | जेष्ठ नागरिक सम्बन्धी कार्यक्रम | जेष्ठ नागरिकको सुरक्षा, संरक्षण तथा सम्मान | सालवसाली | | | जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन भएको हुने ।प्रदेशस्तरमा जेष्ठ नागरिक ग्राम सञ्चालन भएको हुने । |
| | अपाङ्गता भएका व्यक्ति सम्बन्धी कार्यक्रम | अपाङ्गता भएका व्यक्तिको क्षमता विकास तथा संरक्षण | सालवसाली | | | अपाङ्गता पुनर्स्थापना केन्द्र संचालन भएको हुने। अपांगता भएका व्यक्तिहरुका लागि स्वास्थ्य उपचारमा सहुलियत प्रदान गरिएको हुने। अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाग्री वितरण भएको हुने। |
| ३४०१०५ | समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रम समेत) | | | | | |
| ३४०१०७ | बाल कल्याण कार्यक्रम | | | | | |

## श्रम तथा रोजगार

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ७०७३७३५१ | रोजगार प्रवर्द्धन कार्यक्रम | रोजगार सूचना व्यवस्थापन, रोजागारी सिर्जना तथा प्रवर्द्धन | सालवसाली | | | रोजगारी सिर्जना तथा प्रवर्द्धन भई बेरोजगारी समस्या न्यून भएको हुने । |
| ७०७३७३५१ | उद्यमशिलता एवं स्वरोजगारमूलक तालिम | रोजगारी सिर्जना तथा विस्तार | सालवसाली | | | मागमा आधारित सीपमूलक तालिम संचालन गरी उद्यमशीलता तथा |
| ७०७३७३५१ | व्यवसायिक तथा उद्यमी युवाहरुलाई अनुदान कार्यक्रम | स्वरोजगार र व्यवसायिकताको विकास | सालवसाली | | | व्यवसायिक तथा उद्यमशीलताको विकास भएको हुने |
| ७०७३७३५१ | व्यवसायिक तथा सीप विकास तालिम | व्यवसायिक सीप विकास गर्न | सालवसाली | | | व्यवसायिक सीप विकास सम्बन्धी तालिम प्रदान गरिएको हुने |
| ३७१०१६ | रोजगार सूचना केन्द्र | बेरोजगारहरुको तथ्याङ्क संकलन | सालवसाली | | | श्रमिकहरुको तथ्याङ्क संकलन गरी पञ्जीकरण गरिने, निजी क्षेत्रमा सिर्जना हुने रोजगारीलाई |

# युवा तथा खेलकूद

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ७०७३७३५१ | मुख्यमन्त्री प्रदेश स्वंयम सेवक छनौट तलव भत्ता फिल्ड भत्ता परिचालन तथा व्यवस्थापन खर्च | प्रदेश सरकारवाट प्रदान गरिने सेवालाइ प्रभावकारी गुणस्तरीय र परिणाममुखि वनाइ प्रदशको समग्र विकासमा योगदान | सालवसाली | ६०००० | | प्रदेश सरकारवाट प्रदान गरिने सेवालाइ प्रभावकारी गुणस्तरीय र परिणाममुखि वनाइ प्रदशको समग्र विकासमा योगदान पुगेको हुने |
| ७०७३७३५१ | असल अभ्यासहरुको आदान प्रदान तथा समिक्षा | जिल्ला युवा कार्यालयहरु लगायत युवाहरु विच असल अभ्यास आदान प्रदान | सालवसाली | ३५०० | | जिल्ला युवा कार्यालयहरु लगायत युवाहरु विच असल अभ्यास आदान प्रदान भइ युवा स्वरोजगारको श्रृजना भएको हुने |
| ७०७३७३५१ | प्रदेश स्तरीय युवा सुचना केन्द्र स्थापना र सचालनका लागि DPR | युवाहरुलाइ Think globally act locally ,globle citizenship को विकास उद्धमशिलता करियर विकासका लागि साझा थलोको रुपमा विकास हुने | सालवसाली | ३००० | | युवाहरुलाइ Think globally act locally ,globle citizenship को विकासका लागि सूचना प्रविधिमैत्रि केन्द्रको विकास भएको हुने युवाको करियर तथा उदधमशिता लागि आवश्यक सुचना प्रविधि परामर्श एकै समय एकै ठाउवाट प्राप्त भइ प्रतिभा पलायन कम हुने |
| ७०७३७३५१ | प्रदेशस्तरिय युवा ससदको नमुना अभ्यास | युवाहरुमा भावि जिवनमा नेतृत्व क्षमता विकास | सालवसाली | १५९७.२ | | युवाहरुमा भावि जिवनमा नेतृत्व क्षमता विकास भइ स्थानीय स्तरमा समेत अभियानको रुपमा |
| ७०७३७३५१ | प्रदेश युवा परिषदको संचालन व्यवस्थापन खर्च | युवा क्षेत्रमा काम गर्ने समन्वय गर्ने प्रदेश स्तरमा संस्थागत विकास | सालवसाली | १९९६.५ | | युवा क्षेत्रमा काम गर्ने समन्वय गर्ने प्रदेश स्तरमा संस्थागत विकास |
| ७०७३७३५१ | युवाहरुको क्षमता प्रस्फुटनको लागि प्रदेशस्तरिय युवा सम्मेलन साझेदारीमा आयोजना | युवाहरुको क्षमता प्रस्फुटनको लागि प्रदेशस्तरिय युवा सम्मेलन आयोजना तथा स्थानिय साझेदारीको विकास | सालवसाली | ९३१.७ | | युवाहरुको क्षमता प्रस्फुटनको लागि प्रदेशस्तरिय युवा सम्मेलन आयोजना तथा स्थानिय साझेदारीको विकास भएको हुने |

# युवा तथा खेलकूद

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ७०७३७३५१ | प्रदेशका नमुना युवा उध्यमीहरु पहिचान प्रोत्साहन पुरस्कार तथा प्रचार प्रसार समेत | प्रदेशका नमुना युवा उध्यमीहरु पहिचान प्रोत्साहन | सालवासी | १९९६.५ | | प्रदेशका ८८ स्थानिय तह र ९ जिल्लागत नमुना युवा उध्यमीहरु पहिचान प्रोत्साहन भएको हुने |
| ७०७३७३५१ | युवाको सीप तथा नेतृत्व विकास | युवाको सीप तथा नेतृत्व विकास | सालवासी | १५९७२ | | ८९ स्थानिय तह सम्म युवाहरुको सीप तथा नेतृत्व विकास भएको हुने |
| ७०७३७३५१ | प्रदेशस्तरिय युवा नीति तथा युवा सम्वन्धि ऐन, नियम, निर्देशिका कार्यविधि निर्माण | प्रदेशस्तरिय युवा नीति तथा युवा सम्वन्धि ऐन, नियम, निर्देशिका कार्यविधि निर्माण तयारी र प्रकासन | सालवासी | १०६४.८ | | प्रदेशस्तरिय युवा नीति तथा युवा सम्वन्धि ऐन, नियम, निर्देशिका कार्यविधि निर्माण तयारी र प्रकासन भइ संरचनागत र संस्थागत विकास |
| ७०७३७३५१ | प्रदेशस्तरिय युवा प्रोफाईल अध्यावधिक तथा प्रकाशन | प्रदेशस्तरिय युवा प्रोफाईल अध्यावधिक तथा प्रकाशन | सालवासी | ६६५.५ | | प्रदेशस्तरिय युवा प्रोफाईल अध्यावधिक तथा प्रकाशन भइ तथ्यमा आधारीत योजना निर्माण भएको हुने |
| ७०७३७३५१ | समाजका लागि युवाको लागि एक दिन नमुना अभ्यास | सामाजिक क्रियाकलापमा युवाहरुको सहभागिता बढाउनु | सालवासी | २६६२ | | समाजमा युवाको भूमिका देखिन गइ युवा परिचालन भएको हुने |
| ७०७३७३५१ | युवा बैज्ञनिक प्रोत्साहन कार्यक्रम | युवा बैज्ञानिक प्रोत्साहन | सालवासी | १९९६.५ | | ९ वटै जिल्लाका युवा बैज्ञानिकहरुको खोजी भइ प्रोत्साहन पाएको हुने |

# युवा तथा खेलकूद

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ७०७३७३५१ | क्षेत्रीय खेलकुद तथा जिल्ला खेलकुद समितिका पदाधिकारीहरुको राम्रा | क्षेत्रीय खेलकुद तथा जिल्ला खेलकुद समितिका पदाधिकारीहरुको राम्रा अनुभवहरुको आदान प्रदान कार्यक्रम | सालवासी | ७९८.६ | | क्षेत्रीय खेलकुद तथा जिल्ला खेलकुद समितिका पदाधिकारीहरुको राम्रा अनुभवहरुको आदान प्रदान भएको हुने |
| ७०७३७३५१ | जिल्ला स्काउट समितिका पदाधिकारीहरुको क्षमता विकास तथा विद्यालय स्तरमा | जिल्ला स्काउट समितिका पदाधिकारीहरुको क्षमता विकास स्रोत सम्पन्न तथा विद्यालय स्तरमा स्काउट विस्तार | सालवासी | ५३२४ | | जिल्ला स्काउट समितिका पदाधिकारीहरुको क्षमता विकास तथा ८८ स्थानिय तहको माविहरुमा स्काउट विस्तार भएको हुने र स्रोत |
| ७०७३७३५१ | विभिन्न किसिमका स्पोर्ट क्लव/संघ संस्थाहरुले आयोजना गर्ने खेलकुद प्रतियोगिताहरुको लागि अनुदान सहयोग | खेलकूदमा निजी क्षेत्रको संलग्नता बढाई खेलकुद पूर्वाधार र खेलको विकास गर्नु | सालवासी | ६६५५ | | विभिन्न किसिमका स्पोर्ट क्लव/संघ संस्थाहरुले आयोजना गर्ने खेलकुद प्रतियोगिताहरुको लागि अनुदान सहयोग प्रप्त गरि स्थानिय खेल र खेलाडीको अधिकतम सहभागिता भइ राष्टिय र अन्तराष्टिय स्तरका खेलाडी तयार भएको हुने |
| ७०७३७३५१ | प्रदेश सभाका कम्तिमा एक पर्ने गरि कुल ३२ वटा खेल मैदान निर्माण तथा स्तरोन्नोति | प्रदेश सभाका कम्तिमा एक पर्ने गरि कुल ३२ वटा खेल मैदान निर्माण तथा स्तरोन्नोति भइ प्रदेश भित्र खेल पूर्वाधारको विकास गर्नु | सालवासी | ४२५९२ | | प्रदेश सभाका कम्तिमा एक पर्ने गरि कुल ३२ वटा खेल मैदान निर्माण तथा स्तरोन्नोति भइ स्थानिय खेल र खेलाडीको अधिकतम सहभागिता भइ राष्टिय र अन्तराष्टिय स्तरका खेलाडी तयार भएको हुने साथै प्रदेश भित्र खेल पूर्वाधारको |
| ७०७३७३५१ | सबै सामुदायिक विद्यालयहरुका खेलकुद शिक्षकलाइ ५ दिने खेलकुद सम्वन्धनी आधारभूत तहको तालिम तथा सोको लागि | सबै सामुदायिक विद्यालयहरुका खेलकुद शिक्षकलाइ ५ दिने खेलकुद सम्वन्धनी आधारभूत तहको तालिम तथा सोको लागि कार्यशाला प्रशिक्षक प्रशिक्षण समेत | सालवासी | ३९९३ | | सबै सामुदायिक विद्यालयहरुका खेलकुद शिक्षकलाइ ५ दिने खेलकुद सम्वन्धनी आधारभूत तहको तालिम प्राप्त गरि प्रत्येक विदयालयमा खेलकुद शिक्षकको व्यवस्था भएको हुने |
| ७०७३७३५१ | प्रादेशिक गौरवको आयोजनाको रुपमा फाप्ला क्रिकेट मैदानको सरचना निर्माण तथा DPR तयारी | प्रादेशिक गौरवको आयोजनाको रुपमा फाप्ला क्रिकेट मैदानको सरचना निर्माण | सालवासी | १३३१० | | प्रादेशिक गौरवको आयोजनाको रुपमा फाप्ला क्रिकेट मैदानको सरचना निर्माण भइ राष्टिय तथा अन्तराष्टिय खेलकुद संचालन हुने |
| ७०७३७३५१ | अन्तर प्रदेशस्तरिय मुख्यमन्त्री खेलकुद प्रतियोगिता सचालन तथा व्यवस्थापन खर्च | सुदुरपश्चिम प्रदेशलाइ खेल पर्यटनको गन्तव्यको रुपमा विकास गर्ने | सालवासी | ६६५५ | | अन्तर प्रदेशस्तरिय मुख्यमन्त्री खेलकुद प्रतियोगिता सचालन भइ खेलाडी हरुमा प्रतिस्प्रधात्मक भावनाको विकास र पर्यटक |

## युवा तथा खेलकूद

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ७०७३७३५१ | प्रदेशस्तरिय खेलकुद नीति तथा खेलकुद सम्वन्धि ऐन,नियम | ऐन नियम तयार भइ खेलकुदको क्षेत्र व्यवस्थित भइ स्वचालित भएको हुने | सालवसाली | १०६४.८ | | खेलकुदका क्षेत्रमा ऐन नियम तयार भइ खेलकुदको क्षेत्र व्यवस्थित भइ स्वचालित भएको |
| ७०७३७३५१ | प्रदेशस्तरमा क्रिकेट एकेडेमी स्थापना तथा सचालन सम्भाव्यता अध्यायन र इन्डोर | क्रिकेट खेलको विकास तथा प्रवर्धन गर्नु | सालवसाली | २६६२ | | सुदुरपश्चिम प्रदेशवाट राष्टिय तथा अन्ताष्टिय क्रिकेट खेलमा सहभागि हुने खेलाडीको विकास तथा प्रवर्धन गर्नु |
| ७०७३७३५१ | धनगढी तथा महेन्दनगरको रगश | विभिन्न राष्टिय तथा अन्तराष्टिय खेलका लागि पुर्वाधारको विकास भएको हुने | सालवसाली | २१२९६ | | धनगढी तथा महेन्दनगरको रगशालाको स्तरोउन्नति तथा सरचना सुधार भइ खेल र खेलाडीको पर्वधन तथा विकास भएको हुने |
| ७०७३७३५१ | प्रदेशस्तरिय प्याराखेलकुद प्रतियोगिता सचालन | अपांगता भएका खेलाडीको पहिचान क्षमता विकास तथा प्रवर्धन हुने | सालवसाली | ५३२४ | | अपांगता भएका खेलाडीको पहिचान क्षमता विकास तथा प्रवर्धन हुने |
| ७०७३७३५१ | राष्ट्रिय तथा अन्तर राष्ट्रियस्तरमा पदक प्राप्त गर्ने प्रदेश भित्रका खेलाडीहरुलाई | राष्ट्रिय तथा अन्तर राष्ट्रियस्तरमा पदक प्राप्त गर्ने प्रदेश भित्रका खेलाडीहरुलाई सम्मान हुने | सालवसाली | २६६२ | | ९ वटै जिल्लाका राष्ट्रिय तथा अन्तर राष्ट्रियस्तरमा पदक प्राप्त गर्ने प्रदेश भित्रका खेलाडीहरुलाई सम्मान भइ प्रोत्साहित भएका हुने |
| ७०७३७३५१ | खेलाडी कल्याणकारी कोष संचालन | खेलाडीको विकास प्रवर्धन प्रोत्साहन हुने | सालवसाली | ६६५५ | | अन्तष्टिय राष्टिय र प्रदेशस्तरीय सवै खेलका खेलाडीको विकास प्रवर्धन प्रोत्साहन हुने |

# युवा तथा खेलकूद

| ब.उ.शी.न. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरू र अन्त्य) | लागत (रू.लाखमा) | पुष्ट्याई | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| ७०७३७३५१ | साइकिलिङ्गका लागि सम्भाव्यता अध्ययन | शहरिया व्यस्त जिवनशैलि परिवर्तन गर्न शारीरिक तन्दुरुस्ती र खेल पर्यटन प्रवर्धन गर्नु | सालवासी | १३३१ | | शहरिया व्यस्त जिवनशैलि परिवर्तन भइ शारीरिक तन्दुरुस्ती र खेल पर्यटन प्रवर्धन हुने |
| ७०७३७३५१ | प्रदेश स्तरीय खेलकुद प्रतियोगिता सचालन | खेलाडी र खेल प्रतियोगितालाई गुणात्मक बनाउनु र खेललाई जीवनको एक अभिन्न पक्षको रुपमा विकास गर्नु | सालवासी | ६६५५ | | खेलाडी र खेल प्रतियोगितालाई गुणात्मक बनाइ खेललाई जीवनको एक अभिन्न पक्षको रुपमा विकास हुने |
| ७०७३७३५१ | प्रदेशको प्रतिनिधित्व गरि विभिन्न राष्टिय तथा अन्तर राष्टिय खेलकुद प्रतियोगिता सहभागि हुन जाने | प्रदेशको प्रतिनिधित्व गरि विभिन्न राष्टिय तथा अन्तर राष्टिय खेलकुद प्रतियोगिता सहभागि हुन जाने खेलाडीहरुको लागि सहायता गरि प्रदेशको प्रतिनिधित्व हुने | सालवासी | ६६५५ | | प्रदेशको प्रतिनिधित्व गरि विभिन्न राष्टिय तथा अन्तर राष्टिय खेलकुद प्रतियोगिता सहभागि हुन जाने खेलाडीहरुको लागि सहायता गरि प्रदेशको प्रतिनिधित्व भइ खेलाडी प्रोत्साहित हुने |
